# बालश्रम र शिक्षा

## बालश्रम र शिक्षा सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय नीति, कानुन तथा योजनाहरू सम्बन्धी जानकारी पुस्तिका

(बालबालिकाको शिक्षाको अधिकार र बालश्रम शोषणबाट बालबालिकाको संरक्षण सम्बन्धी महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धि,घोषणापत्र र सिफारिसहरू, मार्गनिर्देशन तथा राष्ट्रिय कानुन,नीति र योजनाबारे जानकारी पुस्तिका)


प्रकाशक

**सिविन–नेपाल**

# बालश्रम र शिक्षा


**सल्लाहकारहरू** : गौरी प्रधान/तारक धिताल

**संयोजन** : कुमार भट्टराई

**सम्पादन** : विमलकुमार थापा

**विशेष सहयोग** : शुभराज पोखरेल

**सहयोग** : सुनिता मानन्धर, निरज श्रेष्ठ, सुषमा मल्ल,
कविराम मगर, हिरा श्रेष्ठ, रविना श्रेष्ठ, रिङ्कु श्रेष्ठ
रमा कार्की, प्रीति श्रेष्ठ, लोकेन्द्र शाक्य, आशिका श्रेष्ठ

**आवरण/डिजाइन** : सूर्यनारायण श्रेष्ठ

**प्रकाशन मिति** : २०६२ बैशाख (५००० प्रति)

**प्रकाशक** : सिविन-नेपाल
पो.ब.नं. ४३७४ रविभवन, काठमाडौं, नेपाल
फोन: ४२८२२५५/४२७८०६४
फ्याक्स: ४२७८०१६
इमेल : cwin@mos.com.np
वेब: www.cwin.org.np
www.childlabournepal.org.np

ISBN : 99933-814-7-0

**प्रकाशन सहयोग** : Community Based Innovations to Reduce Childlabour Explotation through Education (CIRCLE)

**मुद्रक** : इन्द्रेणी अफसेट प्रेस, अनामनगर, काठमाडौं
फोन: ४७७१४४८

# मन्तव्य

बालबालिकाहरू राष्ट्रका महत्वपूर्ण अंश हुन् । उनीहरूको शिक्षा, स्वास्थ्य, संरक्षण लगायत अन्य मानवअधिकारको संरक्षणमा राज्यको मुख्य दायित्व रहेको हुन्छ । तर बालश्रम नेपालको एउटा दुखद वास्तविकता बन्न गएको छ । हाल नेपालमा २६ लाख भन्दा बढी बालबालिकाहरू श्रमक्षेत्रमा रहेको अनुमान गरिएको छ भने, लाखौं बालबालिकाहरू शिक्षाबाट वञ्चित रहेका छन् ।

बालश्रमको न्यूनीकरण तथा शिक्षा सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा थुप्रै प्रयत्नहरू भएका छन् । नीतिगतरूपमा रहेका यी प्रयास र प्रयत्नहरूमा नेपालको पनि सहमति र प्रतिबद्धता रहँदै आएको छ । तर उल्लेखित प्रयत्नहरू धेरैको जानकारीमा छैनन् । त्यसैले बालअधिकारको क्षेत्रमा कार्यरत तथा चासो राख्ने जोसुकैको लागि पनि उपयोगी होस् भन्ने हेतुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालले स्वीकारेका बालबालिकाको शिक्षाको अधिकार र बालश्रम शोषणबाट बालबालिकाको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, घोषणापत्र र सिफारिसहरू, मार्गनिर्देशन तथा राष्ट्रिय कानुन, नीति र योजनाहरूको सामान्य जानकारी पुस्तिका प्रकाशनको प्रयत्न भएको छ ।

यस पुस्तक तयारीका क्रममा सघाउनु हुने सबै साथीहरू धन्यवादका पात्र हुनुहुन्छ । प्रकाशन सहयोगी Community Based Innovations to Reduce Child Labour Through Education (CIRCLE) प्रति आभार व्यक्त गर्न चाहन्छु । पुस्तकका बारेमा सल्लाह र सुझावको अपेक्षा राखेका छु ।

**गौरी प्रधान**
अध्यक्ष
सिविन-नेपाल

# पुस्तिका बारे

बालबालिकाहरूको भविष्यसँग सिङ्गो समाजको भविष्य गाँसिएको हुन्छ । आजका बालबालिकाको स्थितिमा सुधार आएमात्र भोलि देशको स्थितिमा सुधार आउन सक्दछ । बालबालिका हाम्रो समाजका प्रतिबिम्ब पनि हुन् । समाजको वर्तमान अवस्था कस्तो छ ? भनेर हेर्नका लागि बालबालिकाको स्थितिलाई हेरे पुग्दछ ।

शिक्षा मानवजीवनको लागि अपरिहार्य कुरा हो । शिक्षालेनै जीवनको उद्देश्य, लक्ष्य एवं उपलब्धीहरूको परिपूर्ति गर्न मद्दत पुऱ्याउछ । जीवनको शुरुवातसँगै प्राप्त गर्नुपर्ने शिक्षा, यो कसैको लागि सहज र सरल हुने गर्दछ भने, कसैको लागि कठिन समेत हुने गरेको छ । विकसित राष्ट्रमा जन्मने बालबालिकाहरूले आफ्ना जीवनको पूर्वार्द्धमानै जीवनउपयोगी शिक्षा प्राप्त गरेका छन् । तर यो सुविधा वा अधिकार विश्वका सबै बालबालिकाहरूले पाएका छैनन् । अझैपनि विश्वमा करिब १ करोड १० लाख बालबालिकाहरू शिक्षाबाट विमुख रहेका छन् । खासगरी तेश्रो विश्वका बालबालिकाहरू भोक,रोग, गरिबी र पछौटेपन जस्ता समस्याबाट ग्रसित रहेको वर्तमान अवस्थामा शिक्षा प्राप्त गर्नु अर्को चुनौतीको रूपमा देखा परिरहेको छ । यो अवस्था हाम्रो देशका करिब ४० प्रतिशत बालबालिकाहरूले भोगिरहेका छन् ।

हाम्रो देशका बालबालिकाको स्थितिको कुरा गर्दा हाल २६ लाख भन्दा बढी बालबालिकाहरू श्रमिकको रूपमा जीवन गुजार्न बाध्य छन् भने ठूलो संख्यामा विद्यालय शिक्षाबाट वञ्चित रहेका छन् । केही वर्षदेखि नेपालमा पनि सुहाउँदो शिक्षाको नीतिको अवधारणालाई अङ्गीकार गर्दै सरकारी तथा गैरसरकारी क्षेत्रबाट बालबालिकाहरूलाई उचित शिक्षा दिनुपर्ने मान्यताको विकास हुन थालेको देखिन्छ । यसलाई सकारात्मक सुरूवातको रूपमा लिनुपर्दछ । जसअनुसार सरकारी

तवरबाटै छोरीलाई निःशुल्क शिक्षा प्रदान गर्ने प्रतिबद्धता समेत जनाएको देखिन्छ । यसपालीदेखि बालबालिका भर्ना अभियानमार्फत उनीहरुको गुणस्तरीय शिक्षामा पहुँच बनाउने प्रयत्न भइरहेको छ ।

श्रमिकका रूपमा कार्यरत बालबालिकाहरू आधारभूत बालअधिकारबाट वञ्चित हुनुको साथै उनीहरू विभिन्न किसिमको शोषणहरूको शिकार भइरहेका छन् । बालश्रमिकहरू शिक्षा र सीप विकासको अवसरबाट वञ्चित हुने हुँदा समग्र मुलुकको भावी जनशक्ति नै कमजोर र अनुत्पादक हुने डर हुन्छ । बालबालिकाहरूको शोषण, दासताबाट मुक्त भइ बाँच्न पाउने अधिकार, सुरक्षा, स्वास्थ्य संरक्षण, विकास, माया, हेरचाह पाउने अधिकारको प्रत्याभूति गर्नु राज्य र नागरिक समाजको समेत कर्तव्य हो ।

सबै प्रकारका श्रमहरू शोषणमूलक हुँदैनन् । श्रमलाई एक सकारात्मक र जीवनका लागि अत्यावश्यक सीपहरू सिक्ने प्रक्रियाको रूपमा पनि स्वीकार गरिएको छ । मुलुकको विद्यमान कानुनले तोकेको रोजगारमा प्रवेश गर्ने उमेर पूरा नगरेका बालबालिकालाई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा बाधा पुग्ने श्रम नै बालश्रम शोषण हो । हामी बालश्रम शोषणको निर्मूलन र न्यूनीकरणको सन्दर्भमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय रूपमा थुप्रै नीति, नियम, योजना, महासन्धि आदिको राज्य पक्षका रूपमा रहेका छौं ।

श्रम शोषणको अन्त्यका लागि शिक्षा अत्यन्त महत्वपूर्ण पक्षका रूपमा रहेको छ । वास्तवमा बालश्रम शोषणको अँध्यारोलाई हटाउन शिक्षाको उज्यालो नै चाहिने हुन्छ । यिनै कुराहरूलाई ध्यानमा राखी बनेका नीति, नियम, योजना र महासन्धिहरुले बालबालिकाहरूको शिक्षाको अधिकारलाई प्रत्याभूत गरेको छ । यसको साथै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय रूपमा पनि थुप्रै प्रस्ताव, घोषणा र अभियानहरू सञ्चालनमा रहेका छन् । जसलाई हामीले पनि अनुमोदन गरी आफ्नो प्रतिबद्धता जनाइसकेका छौ ।

प्रस्तुत पुस्तकमा यीनै राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय रूपमा नेपालले बालश्रम र शिक्षासँग सम्बन्धित नीतिगत र व्यावहारिक रूपमा जनाएका अन्तर्राष्ट्रिय

महासन्धि, घोषणा-पत्र र सिफारिसहरू, मार्ग निर्देशन तथा राष्ट्रिय कानुन, नीति र योजनाका महत्वपूर्ण प्रतिबद्धताका मुख्य बुँदाहरूलाई समावेश गरिएको छ । बालश्रम र शिक्षाका सम्बन्धमा चासो राख्ने संघसंस्थाहरू लगायत जोसुकैको लागि पनि उपयोगी रहोस् भन्ने उद्देश्यले तयार पारिएको यस पुस्तकमा अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई सुरूका पृष्ठहरूमा र राष्ट्रिय दस्तावेजहरूलाई पछिल्ला पृष्ठहरूमा समावेश गरिएको छ । अध्ययनमा सजिलोका लागि सकेसम्म धेरै बुँदाहरूका सारांश पनि दिने प्रयास भएको छ । पुस्तक भित्र समावेश गरिएका थुप्रै अन्तर्राष्ट्रिय दस्तावेजहरुको अनौपचारिक अनुवाद गरिएको हो । पुस्तक उपयोगी हुने अपेक्षा राखेका छौं । पाठकहरुबाट सल्लाह तथा सुझावको अपेक्षा गरेका छौं ।

**कुमार भट्टराई**

**कार्यक्रम संयोजक**

**सिविन सामुदायिक विकास तथा सञ्जाल विस्तार**

# बिषय सूची


| क.स. | शीर्षक | पृष्ठ |
|---|---|---|
| | **अन्तर्राष्ट्रिय प्रयास र प्रावधानहरू** | |
| १. | संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि-१९८९ | १ |
| २. | न्यूनतम उमेर सम्बन्धी अन्तर्राष्ट्रिय श्रमसंगठनको महासन्धि नं.-१३८ | ५ |
| ३. | निकृष्ट प्रकारको बालश्रम निर्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १८२ | ७ |
| ४. | निकृष्ट प्रकारको बालश्रम निर्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय श्रमसंगठनको सिफारिस नं.-१९० | १० |
| ५. | बालबालिकाका निम्ति संयुक्त राष्ट्रसंघीय महासभाको विशेष अधिवेशन (UNGASS) तथा बालबालिकाका लागि विश्वव्यापी अभियान (GMC) | १२ |
| ६. | बालश्रमिकहरूको विश्वभेला-२००४ | १६ |
| ७. | सन् २०१५ सम्ममा सबैका लागि शिक्षा | १७ |
| ८. | बालश्रमविरूद्धको विश्वयात्रा | १९ |
| ९. | क्षेत्रीय प्रस्ताव तथा घोषणा-पत्र | २० |
| १०. | देहव्यापारका लागि महिला तथा बालबालिका ओसारपसार निषेध गर्न तथा यस विरूद्ध लड्नका लागि सार्क महासन्धि २००२ | २० |
| | **राष्ट्रिय प्रयास र प्रावधानहरू** | |
| ११. | नेपाल अधिराज्यको संविधान-२०४७ | २४ |

| | | |
|---|---|---|
| १२. | बालबालिका सम्बन्धी ऐन-२०४८ | २५ |
| १३. | श्रम ऐन-२०४८ | २६ |
| १४. | बालश्रम (निषेध र नियमित गर्ने) ऐन-२०५६ | २८ |
| १५. | दशौं राष्ट्रिय योजना (२०५९-२०६४) | ४० |
| १६. | बालबालिकाहरूका निम्ति दश वर्षे राष्ट्रिय कार्ययोजना नेपाल २००४/२००५-२०१४/२०१५ | ५७ |
| १७. | बालश्रम सम्बन्धी राष्ट्रिय गुरू योजना (२००४-२०१४) | ५९ |
| १८. | "सबैका लागि शिक्षा" का निम्ति राष्ट्रिय कार्ययोजना | ६० |
| १९. | शिक्षाका लागि विश्वव्यापी अभियान (GCE) नेपाल | ६२ |
| २०. | आईएलओ-आईपेक (ILO/IPEC) कार्यक्रम | ६३ |
| २१. | मानवअधिकार आयोगलाई सरकारी कर्मचारीहरुले घरेलु बालश्रमिक राख्न नपाउने आचारसंहिता बनाउनेतर्फ आवश्यक पहल गरिदिन सिविनले गरेको ध्यानआकर्षण | ६६ |
| २२. | मानवअधिकार आयोगको सिफारिसमा बालश्रमिक नराख्ने बारेको श्री ५ को सरकारको परिपत्र | ६७ |
| २३. | श्री ५ को सरकारले बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ लागू गरे लगत्तै श्रम तथा यातायात मन्त्रालयले बालश्रमको प्रयोगको विरुद्ध जारी गरिएको सार्वजनिक सूचना | ६९ |
| २४. | श्रमिक बालबालिकाहरूको राष्ट्रिय भेला ७ र ८ मंसिर २०६१ काठमाडौं | ७० |
| २५. | बालश्रमिकहरूको राष्ट्रिय भेला १ फेब्रुअरी २००४ | ७० |
| २६. | बालश्रम शोषणको निराकरणका लागि सिविनको अवधारणा | ७१ |

# शिक्षा र बालश्रम सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय जानकारी पुस्तिका

**बालबालिकाको शिक्षाको अधिकार र बालश्रम शोषणबाट बालबालिकाको संरक्षण सम्बन्धी महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धि, घोषणापत्र र सिफारिसहरू, मार्गनिर्देशन तथा राष्ट्रिय कानुन, नीति र योजना सम्बन्धी जानकारी पुस्तिका**

## अन्तर्राष्ट्रिय प्रावधानहरू

## १.
## संयुक्त राष्ट्रसंघ बालअधिकार सम्बन्धी महासन्धि -१९८९

(बालअधिकार सम्बन्धी महासन्धि सन् १९८९ नोभेम्वर २० का दिन संयुक्त राष्ट्रसंघको महासभाबाट पारित भएको हो । यसलाई नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरिसकेको छ । सबैभन्दा धेरै राष्ट्रहरूले अनुमोदन गरिसकेको यो महासन्धि अनुमोदन गर्ने राष्ट्रहरूका लागि राष्ट्रिय कानुन सरहको अन्तर्राष्ट्रिय कानुन हो । यस महासन्धिले बालश्रम र बालबालिकाहरूको शिक्षाको सन्दर्भमा उठाएका धाराहरूलाई तल प्रस्तुत गरिएको छ ।)

धारा: ३२

**श्रमबाट संरक्षण**

**सारांश**

स्वास्थ्य, शिक्षा वा विकासमा हानी पुग्ने प्रकारको काममा बालबालिकाहरूलाई लगाउनबाट संरक्षण गर्न तथा रोजगारीको लागि न्यूनतम उमेरको हद तोक्ने र रोजगारीका शर्तहरू लागू गराउने राज्यको दायित्व ।

१. राज्य पक्षहरूले आर्थिक शोषणबाट र हानिकारक खालको काम गर्नबाट वा बालबालिकाको शिक्षामा दखल पुग्ने वा बालबालिकाको स्वास्थ्य वा तिनीहरूको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानी पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने बालबालिकाको अधिकारलाई मान्यता दिनेछन् ।

२. राज्य पक्षहरूले यो धाराको कार्यान्वयन निश्चित गर्न वैधानिक, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू चाल्नेछन् । यस प्रयोजनको लागि तथा अन्य अन्तर्राष्ट्रिय लिखत सम्बन्धी प्रावधानहरूलाई ध्यानमा राख्दै, विशेषगरी देहायका व्यवस्थाहरू गर्नेछन् ।

क) रोजगारीमा प्रवेश गर्न उमेरको न्यूनतम हद वा न्यूनतम उमेर तोक्ने व्यवस्था गर्ने,

ख) काम गर्ने समय र रोजगारीका शर्तहरू सम्बन्धी उपयुक्त नियमहरूको व्यवस्था गर्ने,

ग) यस धाराको प्रभावकारी कार्यान्वयनका लागि उचित दण्ड र अन्य बन्देजहरूको व्यवस्था गर्ने,

**धारा २८,**

## शिक्षा

### सारांश

शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार र कम्तिमा प्राथमिक शिक्षा अनिवार्य र नि:शुल्क गराउनु राज्यको दायित्व । विद्यालयमा अनुशासन कायम राख्दा बालबालिकाको मानवीय मर्यादा प्रतिबिम्बित हुनुपर्ने । यस अधिकारलाई सुनिश्चित गराउन अन्तर्राष्ट्रिय सहयोगको आवश्यकताको लागि जोड दिने ।

१. राज्य पक्षहरूले बालबालिकाको शिक्षाको अधिकारलाई मान्यता दिनेछन् र समान अवसरको आधारमा यस अधिकारको क्रमिक प्राप्तिको लागि विशेष गरी देहायको व्यवस्था गर्नेछन् ।

क) प्राथमिक शिक्षालाई अनिवार्य गर्ने र सबैलाई निःशुल्क उपलब्ध गराउने ।

ख) साधारण र व्यवसायिक शिक्षासहित विविध प्रकारका माध्यमिक शिक्षाको विकासलाई प्रोत्साहन गर्ने, प्रत्येक बालबालिकालाई त्यस्तो शिक्षा उपलब्ध गराउने र पुऱ्याउने तथा निःशुल्क शिक्षाको शुरूवात गर्ने र आवश्यकता परेमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता उपयुक्त उपायहरू गर्ने ।

ग) क्षमताको आधारमा सबैको निम्ति हरेक उपयुक्त साधनहरूद्वारा उच्च शिक्षा प्राप्त हुन सक्ने गराउने ।

घ) सम्पूर्ण बालबालिकाहरूलाई शैक्षिक र व्यवसायिक जानकारी र मार्गदर्शन उपलब्ध गराउने र पुऱ्याउने ।

ङ) विद्यालयहरूमा नियमित हाजिरीलाई प्रोत्साहित गर्ने र पढाइ परित्याग गर्नेहरूको संख्या घटाउन विभिन्न उपायहरू अपनाउने ।

२. राज्यपक्षहरूले बालबालिकाको मानवीय मर्यादा अनुकूल र वर्तमान महासन्धिको प्रावधान बमोजिम विद्यालयमा अनुशासन सम्बन्धी नियम लागू गर्न सबै उपयुक्त कदमहरू चल्नेछन् ।

३. राज्यपक्षहरूले शिक्षाको क्षेत्रमा, खासगरी विश्वबाटै अज्ञानता र निरक्षरतालाई हटाउनको लागि अन्तर्राष्ट्रिय सहयोगलाई प्रबर्द्धन तथा प्रोत्साहन दिनेछन् । उक्त सहयोगभित्र वैज्ञानिक तथा प्राविधिक ज्ञान प्राप्त गर्न सहज तुल्याउन तथा आधुनिक शिक्षण तरिकामा योगदान गर्ने कुरा पनि समावेश छन् । यस सम्बन्धमा विकासोन्मूख देशहरूको खाँचोलाई विशेष ध्यान दिइनेछ ।

धारा २९

## शिक्षाको उद्देश्य

**सारांश**

शिक्षा बालबालिकाको व्यक्तित्व र बौद्धिक क्षमताको विकासतर्फ निर्देशित हुनुपर्ने र सक्रिय वयस्क जीवन बिताउन बालबालिकालाई तयार गर्नेतर्फ, मौलिक मानवअधिकारप्रति आदर जगाउन र बालबालिकामा आफ्नो र अरूको साँस्कृतिक र राष्ट्रिय मूल्यहरूप्रति आदरको भावनाको सम्बर्द्धन गर्नेतर्फ लक्षित हुनुपर्ने ।

१. राज्यपक्षहरूले बालबालिकाको शिक्षा निम्न बिषयमा दिशागत हुनुपर्ने कुरामा सहमति जनाउनेछन् ।

क) बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक पूर्ण प्रखरता विकास गर्ने ।

ख) मानव अधिकार, मौलिक स्वतन्त्रता र संयुक्त राष्ट्रसंघको वडापत्रमा उल्लेखित सिद्धान्तहरूको आदर गर्ने भावनालाई विकास गर्ने ।

ग) बालबालिकाको बाबुआमा प्रति, उसको आफ्नै साँस्कृतिक परिचय, भाषा र मूल्यप्रति, बालबालिका जन्मेको देशको राष्ट्रिय मूल्यप्रति, निजको उत्पत्तिको देशप्रति र बालबालिकाको आफ्नो भन्दा फरक किसिमको सभ्यताप्रतिको आदरको विकास गर्ने ।

घ) सम्पूर्ण जनताहरू, जाति, राष्ट्रिय र धार्मिक समुदाय र आदिवासी मूलका मानिसहरूबीच समझदारी, शान्ति, सहिष्णुता, लिङ्ग समानता र मित्रताको भावनानुरूप एउटा स्वतन्त्र समाजमा उत्तरदायित्वपूर्ण जीवनको लागि बालबालिकालाई तयार पार्ने ।

ङ) प्राकृतिक वातावरणको सम्मान गर्ने भावनाको विकास गर्ने ।

२. शैक्षिक संस्थाहरू स्थापना गर्न र संचालन गर्न व्यक्ति र संस्थानहरूको

स्वतन्त्रतालाई बाधा पुग्ने गरी यो धारा वा धारा २८ को कुनै पनि अंशको अर्थ लगाइने छैन । तर त्यस्ता शैक्षिक संस्थाहरूको सञ्चालन तथा स्थापना यस धाराको प्रकरण १ मा व्यवस्था गरिएको सिद्धान्तहरू अन्तर्गत र यस्ता संस्थामा दिइने शिक्षा राज्यद्वारा तोकिएको न्यूनतम स्तरअनुसार हुनुपर्ने शर्तका अधिनमा रही व्यवस्थित हुनेछ ।

## २.

# न्यूनतम उमेर सम्बन्धी अन्तर्राष्ट्रिय श्रमसंगठनको महासन्धि नं. १३८

(अन्तर्राष्ट्रिय श्रमसंगठनको न्यूनतम उमेर सम्बन्धी महासन्धि नं. १३८ बालश्रम सम्बन्धको ज्यादै महत्वपूर्ण दस्तावेजका रूपमा रहेको छ । यस महासन्धिले रोजगारीमा प्रवेशका निम्ति न्यूनतम उमेरको हद तोक्नुको साथै कामको प्रकृति अनुसार उमेरको हद पनि फरक-फरक तोक्न सक्ने अधिकार राज्यपक्षलाई प्रदान गरेको छ । तथापि यसरी उमेरको हद तोक्दा सम्बन्धित रोजगारदाता तथा कामदारहरू र सम्बन्धित संस्थाहरूसँग सल्लाह गरेर तोक्नुपर्ने व्यवस्था गरेको छ । यस महासन्धिमा बालश्रमको प्रभावकारी उन्मूलनका लागि राष्ट्रिय नीति निर्माण गरी काम गर्ने न्यूनतम उमेरलाई क्रमिकरूपले बढाउँदै बालबालिकाहरू शारीरिक तथा मानसिक रूपले पूर्ण सक्षम हुने उमेरसम्म पुर्‍याउनुपर्ने व्यवस्था गरिएको छ । सन् १९७३ मा पारित यो महासन्धिलाई हालसम्म नेपाल लगायत १३५ राष्ट्रहरूले अनुमोदन गरिसकेका छन् । यस महासन्धिलाई नेपालले ३० मे १९९७ मा अनुमोदन गरेको हो । यहाँ यस महासन्धिका महत्वपूर्ण प्रावधानहरूलाई प्रस्तुत गरिएको छ ।)

### धारा २

**सारांश:**
बालबालिकाहरूलाई काममा लगाइने न्यूनतम उमेरको व्यवस्था ।

३. महासन्धिका पक्ष राज्यहरूले बालबालिकालाई श्रममा लगाउने न्यूनतम उमेर तोक्दा प्राथमिक शिक्षा पूरा गरी १५ वर्ष उमेर पूरा गरेको हुनुपर्ने ।

४. सुलभ शिक्षाको सुविधा अभाव रहेका गरिब राष्ट्रहरूको हकमा भने बालबालिकालाई श्रममा लगाउने न्यूनतम उमेर १४ वर्षसम्म हुन सक्नेछ ।

## धारा ३

**सारांश:**
जोखिमपूर्ण श्रममा १८ वर्षभन्दा मुनिकालाई लगाउन नपाइने व्यवस्था ।

(१) कामको प्रकृति र वातावरणले नै शारीरिक तथा मानसिक विकासमा नकारात्मक प्रभाव पार्ने कुनै पनि किसिमको जोखिमपूर्ण कार्यमा १८ वर्ष भन्दा मुनिका बालबालिकालाई लगाउन पाइँदैन ।

## धारा ६

**सारांश:**
महासन्धिको प्रावधान लागू नहुने क्षेत्र ।

(३) स्वीकृत प्राप्त विद्यालय वा व्यवसायिक शिक्षा वा तालिम केन्द्रमा प्राविधिक शिक्षाको सिलसिलामा कम्तिमा पनि १४ वर्ष उमेर पुगिसकेका बालबालिकाहरूलाई श्रममा लगाइँदा भने यस महासन्धिका प्रावधानहरू लागू हुने छैनन् ।

धारा ७

**सारांशः**

राष्ट्रिय कानुनले १३ देखि १५ वर्षसम्मका बालबालिकालाई हलुङ्गो काममा लगाउन पाइने व्यवस्था गर्न सक्ने

(१) निम्न कार्यहरूमा राष्ट्रिय कानुनले १३-१५ वर्ष उमेरका बालबालिकालाई काम गर्न/गराउन छुट दिन सक्नेछ ।

(क) स्वास्थ्य र विकासमा नकारात्मक प्रभाव नपार्ने कार्यहरू ।

(ख) विद्यालयमा उपस्थित हुन तथा व्यवसायिक तालिममा भाग लिनबाट वञ्चित नगर्ने गरी लगाइने कार्यहरू ।

# ३. निकृष्ट प्रकारको बालश्रम निर्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय श्रमसंगठनको महासन्धि नं. १८२

अन्तर्राष्ट्रिय श्रम संगठनले जुन १, १९९९ मा निकृष्ट प्रकारको बालश्रम निमूर्लन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि नं. १८२ पारित गरेको हो । यसलाई नेपालले जनवरी २००२ मा अनुमोदन गरिसकेको छ । यस महासन्धिको प्रयोजनको लागि महासन्धि नं. १८२ को धारा २ बाट बालबालिका भन्नाले १८ वर्षमुनिका सबै व्यक्तिलाई मानिनु पर्ने व्यवस्था गरिएको छ ।

यस महासन्धिको तत्काल कार्यान्वयनका लागि यसलाई अनुमोदन गर्ने राष्ट्रहरूले अत्यन्त खराब वा जोखिम अवस्थाको श्रमको पहिचान गरी सो को निर्मूलनका लागि रोजगारदाता, ट्रेड युनियन लगायतसँग परामर्श गरी कार्ययोजना बनाउनु पर्ने तथा श्रमिक बालबालिकाको राहत, पुनर्स्थापन एवं सामाजिक पुनर्एकीकरणको लागि आवश्यक व्यवस्था मिलाउनु पर्ने, उनीहरूको लागि

नि:शुल्क आधारभूत शिक्षा र व्यवसायिक तालिम उपलब्ध गराउनुपर्ने जस्ता राज्यको दायित्वकाबारेमा पनि यस महासन्धिमा स्पष्ट उल्लेख गरिएको छ । यस कार्यमा विशेषत: कलिला बालबालिका तथा खासगरी बालिकाहरू जोखिममा पर्ने अदृश्य श्रमक्षेत्रहरू लगायत अन्य विशेष अवस्थामा रहेका बालबालिकालाई प्राथमिकता दिनुपर्ने कुरा पनि उल्लेख छ । यहाँ यस महासन्धिका महत्वपूर्ण प्रावधानहरूलाई प्रस्तुत गरिएको छ ।

## धारा ३

## निकृष्ट प्रकारको बालश्रमको परिभाषा


**सारांश:**

दासत्व वा सो सरहको सबै स्वरूपलाई निकृष्ट प्रकारको बालश्रमका रूपमा स्वीकार ।


१. दासत्व वा सो सरहका सबै स्वरूपहरू जस्तै बालबालिकाको बेचबिखन, ओसारपसार,ऋण बँधुवा,बाँधाश्रम, सशस्त्र संघर्षका लागि बालबालिकाको अनिवार्य वा जबरजस्ती भर्ना लगायत कुनै पनि जबरजस्ती वा अनिवार्य श्रम ।

२. देहव्यापार, अश्लील चित्रण वा प्रदर्शनहरूका लागि बालबालिकाको प्रयोग, प्राप्ति र अर्पण ।

३. गैरकानुनी क्रियाकलापहरू खासगरी लागूऔषधहरूको उत्पादन तथा ओसारपसारको निम्ति बालबालिकाको प्रयोग, प्राप्ति वा अर्पण ।

४. बालबालिकाको स्वास्थ्य, सुरक्षा वा नैतिकतामा हानी पुऱ्याउन सक्ने कार्यहरू ।

धारा ७

## निकृष्ट प्रकारको बालश्रम निराकरणको उपायहरु

**सारांश :**

निकृष्ट प्रकारको बालश्रमबाट बालबालिकाहरूलाई हटाउन गरिनुपर्ने विभिन्न उपायहरूको व्यवस्था ।

१. प्रत्येक सदस्य राष्ट्रहरूले दण्डात्मक व्यवस्थाहरू र उपयुक्तता अनुसार अन्य प्रावधान एवं प्रयोग लगायतका यस महासन्धिलाई लागू गर्ने प्रावधानहरूको प्रभावकारी कार्यान्वयन तथा बहालीलाई सुनिश्चित गर्न आवश्यक सबै उपायहरू अपनाउने छन् ।

२. बालश्रमको उन्मूलनमा शिक्षाको महत्वलाई ध्यानमा राख्दै प्रत्येक सदस्य राष्ट्रहरूले देहायका कुरा गर्न प्रभावकारी र समयबद्ध उपायहरू अपनाउनेछन् ।

(क) निकृष्ट प्रकारको बालश्रममा बालबालिकाहरूको संलग्नतालाई रोक्न,

(ख) निकृष्ट प्रकारको बालश्रमबाट बालबालिकाहरूलाई हटाउनका लागि र तिनीहरूको पुनर्स्थापना एवं सामाजिक एकीकरणका लागि आवश्यक र उपयुक्त प्रत्यक्ष सहायता उपलब्ध गराउन,

(ग) निकृष्ट प्रकारको बालश्रमबाट हटाइएका सबै बालबालिकाहरूका लागि नि:शुल्क आधारभूत शिक्षा र व्यवसायिक तालिममा समेत पहुँच सुनिश्चित गर्न,

(घ) अत्यन्त जोखिममा रहेका बालबालिकाहरूको पहिचान गर्न तिनीहरूसम्म पुग्न, र

(ङ) बालिकाहरूको विशेष परिस्थितिलाई ध्यान दिन ।

३. प्रत्येक सदस्य राष्ट्रहरूले यस महासन्धिलाई लागू गर्ने प्रावधानहरूको कार्यान्वयनका लागि जिम्मेवार सक्षम अधिकारी तोक्नेछन् ।

# ४.

# निकृष्ट प्रकारको बालश्रम निर्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय श्रमसंगठनको सिफारिस नं. १९०

(निकृष्ट प्रकारको बालश्रम निर्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय श्रमसंगठनको महासन्धि नं. १८२ मा व्यवस्था भएको प्रतिबन्ध र तत्काल कारबाही सम्बन्धमा अन्तर्राट्रिय श्रमसंगठनले महासन्धि नं. १८२ सँगसँगै सिफारिस नं. १९० पनि अघि सारेको छ । यस सिफारिसका प्रावधानहरूले निकृष्ट प्रकारको बालश्रम निर्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय श्रमसंगठनको महासन्धि नं. १८२ का प्रावधानहरूलाई परिपूर्ण गर्दछ । यहाँ सिफारिस नं. १९० का महत्वपूर्ण प्रावधानहरूलाई प्रस्तुत गरिएको छ) ।

## अनुच्छेद ३. जोखिमपूर्ण कार्य

**सारांश:**

निकृष्ट प्रकारको बालश्रम निर्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय श्रमसंगठनको महासन्धि नं. १८२ को धारा ३ (४) अन्तर्गत उल्लेख गरिएका कार्यका किसिमहरू निर्धारण गर्दा र तिनीहरू विद्यमान रहेका क्षेत्र पहिचान गर्दा ध्यान दिनुपर्ने कुराहरूको उल्लेख ।

बालबालिकाको स्वास्थ्य, सुरक्षा वा नैतिकतामा हानी पुऱ्याउन सक्ने कार्यहरू

क) शारीरिक, मनोवैज्ञानिक र यौन दुर्व्यवहार हुन सक्ने कार्यहरू ।

ख) जमिनमुनि, पानीमुनि, धेरै उचाइ वा बन्द स्थानमा गर्नुपर्ने कार्यहरू ।

ग) खतरनाक यन्त्रहरू, उपकरणहरू र औजारहरूसँगको कार्य वा गह्रौं वजनहरू हातैले सञ्चालन वा ओसारपसार गर्नुपर्ने कार्यहरू ।

घ) अस्वस्थ्य वातावरणमा गरिने कार्य, अत्याधिक ताप, ध्वनी, कम्पनमा गर्नुपर्ने कार्यहरू

ङ)  कठिन बन्देजमा गर्नुपर्ने कार्यहरू, लामो समयसम्म गर्नुपर्ने, रातमा गर्नुपर्ने कार्य थुनामा राखेर गरिने कार्यहरू ।

## अनुच्छेद ५. कार्यान्वयन

**सारांशः**

निकृष्ट प्रकारको बालश्रमको प्रतिबन्ध र उन्मूलनको कार्यक्रमहरू कार्यान्वयनबारे उल्लेख ।

(१)  निकृष्ट प्रकारको बालश्रमको प्रतिबन्ध र उन्मूलनका लागि राष्ट्रिय कानुनले निर्धारण गरेका कारबाहीको निम्ति प्राथमिकताहरू निर्धारण गर्नका लागि एउटा आधारको रूपमा सेवा पुऱ्याउन बालश्रमको प्रकृति र हदको सम्बन्धमा विस्तृत सूचना र तथ्याङ्कहरू एकत्रित गरिनुपर्नेछ र अद्यावधिक गरी राख्नुपर्नेछ ।

(२)  सम्भव भएसम्म त्यस्ता सूचना र तथ्याङ्कहरूमा लिङ्ग, उमेर समूह, पेशा, आर्थिक क्रियाकलापको शाखा, रोजगारीमा हैसियत, विद्यालयमा हाजिरी र भौगोलिक स्थलहरूमा छुट्याइएको हुनुपर्नेछ । जन्म प्रमाणपत्रहरू जारी गर्ने लगायतका जन्म दर्ताको एउटा प्रभावकारी प्रणालीको महत्वलाई ध्यानमा राखिनु पर्नेछ ।

(३)  निकृष्ट प्रकारको बालश्रमको प्रतिबन्ध र उन्मूलनका लागि व्यवस्था भएका राष्ट्रिय प्रावधानहरूको उल्लंघनहरूसँग सम्बन्धित प्रासङ्गिक तथ्याङ्कहरू एकत्रित गरिनुपर्नेछ र अध्यावधिक गरी राख्नुपर्नेछ ।

अनुच्छेद ७ ले माथि उल्लेख गरिएका सूचनालाई नियमित रूपमा अन्तर्राष्ट्रिय श्रम कार्यालयमा सम्प्रेषण गरिनुपर्ने व्यवस्था गरेको छ ।

# ५.
# बालबालिकाका निम्ति संयुक्त राष्ट्रसंघीय महासभाको विशेष अधिवेशन (UNGASS) तथा बालबालिकाका लागि विश्वव्यापी अभियान (GMC)

(मे ५-१०, २००२ मा संयुक्त राष्ट्रसंघ महासभामा बालबालिका सम्बन्धी विशेष अधिवेशन (UN General Assembly Special Session on Children, UNGASS) सम्पन्न भयो । उक्त कार्यक्रममा विश्वभरिका राज्य प्रमुख र मुख्य मानिस मात्र नभइ, नेपाल लगायतका थुप्रै देशहरूबाट बालबालिकाहरू समेतको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा १९९० को सेप्टेम्वरमा भएको विश्व शिखर सम्मेलनले ९० को दशकको निम्ति बाल बचावट, संरक्षण र विकास सम्बन्धी बनाएको कार्ययोजनाको समीक्षा गर्दै आगामी दशकका निम्ति "बालबालिकाहरूको लागि सुहाउँदो विश्व" निर्माण गर्ने प्रतिबद्धता जाहेर गर्दै गत दशकमा पूरा गर्न नसकिएका कुरा लगायतको नयाँ विश्व कार्ययोजना सहितको घोषणापत्रलाई अनुमोदन गरिएको थियो । बालबालिकाको वर्तमान स्थितिमा सुधार ल्याइ उनीहरूको आधारभूत अधिकारको संरक्षण गर्न एवं सक्षम नागरिकका रूपमा विकास गर्न सघाउ पुऱ्याउन प्रत्येक सरकार र व्यक्ति-व्यक्तिलाई समेत कर्तव्यनिष्ट बनाउन व्यापक समर्थन जुटाउन एवं परिचालन गर्न बालबालिकाको लागि थालनी भएको विश्वव्यापी अभियान (Global Movement for Children, GMC) लाई गति दिन यस बालबालिका सम्बन्धी विशेष अधिवेशन (UN General Assembly Special Session on Children, UNGASS) ले व्यापक सघाउ पुऱ्यायो । बालबालिकालाई अग्रपङ्क्तिमा राखौं, गरिबीविरूद्ध लडौं, बालबालिकाका लागि लगानी गरौं, कोहीपनि बालबालिकालाई नछुटाऔं, प्रत्येक बालबालिकालाई राम्ररी स्याहारौं, प्रत्येक बालबालिकामा शिक्षा पुऱ्याऔं, बालबालिकालाई शोषण र दुर्व्यवहारबाट जोगाऔं, बालबालिकालाई युद्धबाट

जोगाऔं, एच.आई.भी/एड्सविरूद्ध लडौं, बालआवाज सुनौं र पृथ्वीलाई बालबालिकाको निम्ति जोगाइ राखौं जस्ता १० वटा बुँदाहरू अघि सारेर बालबालिकाहरूको हकहितको सुनिश्चितताका निमित्त सबै सरोकारवालाहरूसँग अनुरोध गरेको छ । यहाँ विशेष अधिवेशनबाट पारित शिक्षा र बालश्रम सम्बन्धी महत्वपूर्ण प्रावधानहरूलाई प्रस्तुत गरिएको छ) ।

### प्रस्ताव ३४

**लक्ष्यहरू**

आगामी दशकका लागि चरणबद्ध लक्ष्यहरू निर्धारण ।

यस विशेष अधिवेशनले मूलतः निम्न चार क्षेत्रमा विभिन्न चरणबद्ध लक्ष्यहरू निर्धारण गरिएको छ ।

१) स्वस्थ जीवनको प्रबर्द्धन :

२) गुणस्तरीय शिक्षाको उपलब्धता :

३) दुर्व्यवहार, शोषण र हिंसाविरूद्ध संरक्षण :

४) एच.आई. भि/एड्सविरूद्धको लडाइँ:

## गुणस्तरीय शिक्षाको उपलबधताः

**सारांशः**

सन् २०१५ सम्ममा सम्पूर्ण बालबालिकाले नि:शुल्क, अनिवार्य र गुणस्तरीय प्राथमिक शिक्षा पूरा गर्न पाउने सुनिश्चितता गरिनेछ ।

३८. शिक्षा महत्वपूर्ण छ । शिक्षा मानव अधिकार हो, शिक्षा, गरिबी र बालश्रम घटाउने साधन हो र शिक्षा प्रजातन्त्र, शान्ति, सहिष्णुता र विकास प्रबर्द्धन गर्ने साधन हो ।

३९. सेनेगलको डकारमा आयोजित विश्व शिक्षा मञ्चको बैठकमा सहमति भए अनुसार सन् २०१५ सम्ममा सम्पूर्ण बालबालिकाले निःशुल्क, अनिवार्य र गुणस्तरीय प्राथमिक शिक्षा पूरा गर्न पाउने सुनिश्चितता गरिनेछ । हामी माध्यमिक शिक्षा क्रमिक रूपमा बढीभन्दा बढी बालबालिकालाई उपलब्ध गराउने पनि प्रयास गर्नेछौं । यसका लागि हामी निम्नलिखित लक्ष्य पूरा गर्न सहमत छौं ।

(क) सबै बालक र बालिकाहरू खासगरी अति जोखिममा पर्न सक्ने र सुविधाविहीन बालबालिकाका लागि हामी प्रारम्भिक वाल्यवस्थाको हेरचाह र शिक्षालाई विस्तार र सुधार गर्नेछौं ।

(ख) प्राथमिक विद्यालय जाने उमेरका विद्यालय जान नपाउने बालबालिकाको संख्या आधा घटाउनेछौं । सन् २०१० अघि १० जना बालबालिकामा ९ जना विद्यालय जाने वा वैकल्पिक स्तरीय शैक्षिक कार्यक्रमहरूमा उपस्थित हुने कुरा सुनिश्चित गर्नेछौं ।

(ग) सन् २००५ सम्ममा हामी प्राथमिक तथा माध्यमिक शिक्षामा बालक र बालिकाबीचको असमानताबाट मुक्त हुनेछौं । स्तरीय आधारभूत शिक्षामा बालिकाहरूको समान र पूर्ण पहुँच सुनिश्चित गर्ने काममा हामी केन्द्रित हुनेछौं । यसरी नै हामी सन् २०१५ सम्ममा शिक्षा क्षेत्रमा लैङ्गिक समानता हासिल गर्नेछौं ।

(घ) हामी शिक्षाको स्तर बढाउन आवश्यक सबै पक्षमा सुधार ल्याउनेछौं । बालबालिकाले आफ्नो शिक्षाबाट र खासगरी पढ्न, लेख्न, हिसाब किताब गर्न र जीवन बाँच्नका लागि चाहिने महत्वपूर्ण सीपहरूका क्षेत्रमा मापन गर्न सकिने र स्वीकार्य नतिजाहरू हासिल गर्नुपर्दछ ।

(ङ) हामी सबै साना उमेरका बालबालिकाको सिकाइका आवश्यकताहरू उचित सिकाइ र बाँच्नका लागि चाहिने सीपमूलक कार्यक्रमहरूमा पहुँच बढाएर पूरा गर्ने काम सुनिश्चित गर्नेछौं ।

(च) लेख्न र पढ्न सक्षम वयस्कहरू र खासगरी महिलाहरूको अनुपात सन् २०१५ सम्ममा ५० प्रतिशतले बढाउने कुरा हामी सुनिश्चित गर्नेछौं ।

## ३ दुर्व्यवहार, शोषण र हिंसाबाट संरक्षण

**सारांशः**

निकृष्ट प्रकारको बालश्रम रोक्न तुरून्तै र प्रभावकारी रूपमा काम गर्ने व्यवस्था ।

(३३) सबै निकृष्ट किसिमका बालश्रम यथासीघ्र रोक्न र त्यसको अन्त्य गर्नका लागि प्रभावकारी गतिविधि सञ्चालन गर्न आवश्यक छ । यस्ता किसिमका बालश्रमको अनुभवबाट बालबालिकालाई मुक्ति दिलाउन र समाजमा पुनः प्रवेश गराउनका लागि मद्दत गर्न आवश्यक पर्ने काम हामी गर्नेछौं । यी कुरा निःशुल्क आधारभूत शिक्षामा बालबालिकालाई पहुँच दिलाएर र काम पाउन सघाउने खालका तालिमहरू दिएर पूरा गर्न सकिन्छ ।

(३४) विभिन्न राष्ट्रहरू हातेमालो गरी निकृष्ट किसिमको बालश्रम अन्त्य गर्नेछन् । हामी धनी राष्ट्रहरूको सहयोगमा कम विकसित राष्ट्रहरूको सामाजिक तथा आर्थिक विकास, अशिक्षा र गरिबी अन्त्य गर्ने कार्यक्रमहरूमा एक अर्कालाई मद्दत गर्नेछौं ।

(३५) हामी यस्ता कार्यक्रम विकास गरी व्यवहारमा रूपान्तरण गर्नेछौं । जसले बालबालिकाको निम्न कुराबाट संरक्षण गर्नेछ ।

क) आर्थिक शोषण,

ख) खतरायुक्त काम,

ग) बालबालिकाको शिक्षामा बाधा दिने काम र

घ) बालबालिकाको स्वास्थ्य वा शारीरिक,मानसिक,आध्यात्मिक, नैतिक वा सामाजिक विकासलाई हानी पुऱ्याउने काम ।

३६) हामी राष्ट्रिय साझेदारी र अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्दै सबै किसिमको आर्थिक शोषणबाट बालबालिकाको संरक्षण गर्नेछौं र निम्नलिखित काम गर्दै उनीहरूको अवस्थामा सुधार ल्याउनेछौं :

- कामकाजी बालबालिकालाई नि:शुल्क आधारभूत शिक्षा र कामसम्बन्धी तालिम दिएर,
- हरेक सम्भव उपाय गरी बालबालिकालाई शिक्षा प्रणालीमा फर्काएर,

गरिबी अन्त्य गर्ने तथा परिवार र खासगरी महिलाहरूलाई रोजगारी र पैसा आर्जनका तरिकाहरू प्रदान गर्नेतिर लक्षित सामाजिक तथा आर्थिक नीतिका लागि गरिने सहयोगलाई प्रोत्साहित गरेर ।

# ६.
# बालश्रमिकहरूको विश्व भेला २००४

सन् २००४ को मे १०-१३ सम्म इटालीको फ्लोरेन्समा इतिहासमै पहिलो पटक बालश्रमिकहरूको विश्वभेला सम्पन्न भयो । बालश्रमविरुद्ध विश्वयात्रा मुख्य आयोजक रहेको उक्त कार्यक्रममा नेपाललगायत विश्वका विभिन्न देशहरूबाट ३०० जना भन्दा बढी बालश्रमिकहरूको सहभागिता रहेको उक्त विश्वभेलाको अन्त्यमा **"हामी वर्तमान हौ र हाम्रो आवाज भविष्य"** भन्ने उद्घोषका साथ बालबालिकाहरूले घोषणा पत्र समेत जारी गरेका थिए । त्यस्तै बालबालिकाहरूले केवल शान्तिको वातावरणमा मात्र आफ्नो अधिकार पाउन सक्ने भएकाले विश्व शान्तिको लागि समेत आह्वान गरेका थिए । उनीहरूले विश्वमा बालबालिक( ाविरूद्ध व्याप्त बालबालिकाहरूको बेचबिखन, यौनशोषण, माछा मार्ने व्यवसाय, गाडी सफा गर्ने काम, बाटो तथा बजारमा सामानहरू बेच्ने काम, अश्लील फोटो–फिल्म व्यवसाय, फोहोर बटुल्ने काम, यातायात तथा जहाज ढुवानी, ईंटाभट्टामा गर्ने काम, औषधी लगायत अन्य खतरनाक पदार्थहरूको निर्माण, लागूऔषधी ओसारपसार तथा बेचबिखन, घरेलु बालश्रम, कमैयाप्रथा, खेतीपाती,

खानीको काम, कार्पेट बुनाइ, बाल सैन्य, कलकारखानाहरूको काम आदिको डटेर विरोध गरेका थिए भने यस्ता समस्या प्रति गम्भीर चासो देखाउदै हातहतियार तथा युद्धको लागि  व्यापक रूपमा पैसा खर्च गर्ने सरकारहरूको समेत आलोचना गरिएको थियो ।

बालबालिकाहरूको अधिकारको सुरक्षा गर्नु, बालश्रमको अन्त्य गर्नु, नि:शुल्क तथा समान र गुणस्तरीय शिक्षा पुऱ्याउनु सरकारको जिम्मेवारी हो भन्दै यसका निम्ति राष्ट्रिय सरकारहरूको मात्र नभई अन्य अन्तर्राष्ट्रिय समुदायको भूमिका रहेकोतर्फ इङ्गित गरिएको थियो । त्यस्तै बालबालिकाहरूका बारेमा हुने नीति निर्माणका क्रममा बालबालिकाहरूको सहभागिता हुनुपर्ने तर्फ समेत जारी घोषणापत्र मार्फत सबैको ध्यान आकर्षण गरिएको थियो । सबैभन्दा महत्वपूर्ण पक्ष भनेको बालबालिकाहरूले हरेक देशमा राष्ट्रिय तहमा पुगी बाल संसदको स्थापनाको माग गरेका थिए ।

## ७.

## सन् २०१५ सम्ममा सबैका लागि शिक्षा (Education for All (EFA) by 2015)

"सबैका लागिको शिक्षा"को अभियान सन् १९९०मा जोमटिन थाइल्याण्डमा भएको विश्व सम्मेलन पछि शुरू भएको हो । सो सम्मेलनले सबैका लागि विश्वव्यापी रूपमा आधारभूत र प्राथमिक शिक्षाको उपलब्धताको लागि प्रतिबद्धता जाहेर गरेको थियो ।

अप्रिल २०००मा सबैकालागि शिक्षाको विश्व शिक्षा मञ्च (The World Education Forum on Education for All (EFA) को अफ्रिकी मुलुक सेनेगलको राजधानी डकारमा सम्पन्न सम्मेलनले "सबैका लागि शिक्षा" भन्ने एक दशक लामो अभियानलाई मूल्याङ्कन गऱ्यो । यस मञ्चले विशेषत: गरिब र कम

विकसित देशहरूमा सबैका लागि शिक्षाको लक्ष्य पूरा गर्न थुप्रै चुनौतीहरू रहेको महसुस गऱ्यो । यसैक्रममा यस मञ्चले "सबैका निम्ति शिक्षा: हाम्रो सामूहिक प्रतिबद्धताको कार्यान्वयन" भन्ने मूल नाराका साथ डकार फ्रेमवर्कलाई अङ्गिकार गऱ्यो । सन् २०१५ सम्ममा पूरा गर्नुपर्ने गरी कार्यान्वयनका लागि डकार फ्रेमवर्क (Dakar Framework for Action) ले ६ वटा मुख्य इ.एफ.ए लक्ष्यहरू (Six Major EFA Goals) को निर्धारण गरेको छ । फ्रेमवर्कको प्राथमिकता राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा सामूहिक प्रतिबद्धता मार्फत प्राविधिक दक्षता अथवा स्रोतको अभावले कुनैपनि देशहरू लक्ष्य प्राप्तिमा पछाडि नपरून् भन्ने रहेको छ ।)

## सबैका लागि शिक्षाले लिएका लक्ष्यहरू (Six Major EFA Goals)

डकार फ्रेमवर्क (Dakar Framework for Action) ले लिएका ६ वटा मुख्य इ.एफ.ए लक्ष्यहरू (Six major EFA Goals) यस प्रकार रहेका छन् ।

१) बालबालिकाहरू खास गरेर जोखिम परिस्थितिमा रहेका बालबालिकाहरूको लागि पूर्व बाल्यकाल स्याहार र पूर्व शिक्षाको बृहत रूपमा सुधार तथा विस्तार गर्दै लैजाने ।

२) २०१५ सम्ममा सबै बालबालिकाहरू खासगरी कठिन परिस्थितिमा रहेका बालिकाहरू र अल्पमतमा रहेका बालबालिकाहरूका निम्ति गुणात्मक तथा अनिवार्य प्राथमिक शिक्षाको सुनिश्चितता गर्ने ।

३) सबै युवा (किशोर किशोरी)हरूको सिकाइको आवश्यकताहरूलाई पूरा गर्न उपयोगी सिकाइ तथा जीवनोपयोगी सीपमूलक कार्यक्रमहरूको प्रत्याभूत गर्ने ।

४) सन् २०१५ सम्ममा युवा साक्षरतालाई ५० प्रतिशतले बृद्धि गर्ने । सबै तन्नेरीहरू विशेष गरी महिलाहरूमा समानरूपले आधारभूत शिक्षाको सुनिश्चितता गर्दै लैजाने ।

५) सन् २००५ सम्ममा प्राथमिक तथा माध्यमिक तहको शिक्षामा लैङ्गिक भेदभावलाई उन्मूलन गर्ने । सन् २०१५ सम्ममा शिक्षामा लैङ्गिक समानता

ल्याई बालिकाहरूलाई शिक्षामा समानताको आधारमा गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

६) विशेषगरी साक्षरता तथा अति आवश्यकीय जीवन उपयोगी सीपहरूमा ठोस तथा सिकाइको परिणाम प्राप्तिका लागि गुणस्तरीय शिक्षाको सबै पक्ष र विशेषतालाई सुधार गर्ने ।

## ८.
## बालश्रमविरूद्धको विश्वयात्रा

बालश्रमविरूद्धको विश्वयात्रा, श्रम शोषणमा परेका बालबालिकाहरूका तर्फबाट विश्वकै सबैभन्दा बृहत अन्तर्राष्ट्रिय सामाजिक अभियान हो । यसका १४० देशहरूमा २ हजार भन्दा बढी सहकार्य गर्ने संस्थाहरू रहेका छन् । यसको विधिवत शुरूवात सन् १९९८मा सम्पन्न एसिया, अफ्रिका, युरोप र अमेरिकी देशहरूको ८० हजार किलोमिटरको बालश्रम विरूद्धको विश्वयात्राबाट भएको थियो । यस विश्वयात्राले सन् १९९९ मा अन्तर्राष्ट्रिय श्रम संगठन (आइ.एल.ओ) ले पारित गरेको निकृष्ट प्रकारको बालश्रम सम्बन्धको महासन्धि १८२ का निम्ति महत्वपूर्ण भूमिका खेल्यो ।

विश्वव्यापी रूपमा बालबालिकाहरूको आर्थिक शोषण र शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा बाधा पुऱ्याउने श्रमबाट जोगाउँदै उनीहरूको अधिकार विशेषत: उनीहरूको निःशुल्क र सार्थक शिक्षा पाउने अधिकारका निम्ति लागिपर्नुनै यसको मुख्य उद्देश्य रहेको छ ।

अन्तर्राष्ट्रिय सचिवालय भारतको नयाँ दिल्लीमा रहेको बालश्रमविरूद्धको विश्वयात्राका राष्ट्रिय र क्षेत्रीय संयोजकहरू विश्वव्यापी रूपमा रहेका छन् । दक्षिण एसियाली क्षेत्रको क्षेत्रीय संयोजक सिविनका अध्यक्ष गौरी प्रधान रहनुभएको छ भने यसको सचिवालय पनि सिविन-नेपालमा नै रहेको छ ।

दक्षिण एसियाली क्षेत्रीय सचिवालयका तर्फबाट सञ्जाल विस्तार, क्षेत्रीय स्तरका कार्यक्रमहरू संचेतना र लब्विङ, बालसहभागिता प्रबर्द्धनका कार्यहरू अनि स्रोत तथा सूचनालाई व्यवस्थित गर्ने कार्यहरू सञ्चालित रहेका छन् ।

## ९.

## दक्षिण एसियाली सहयोग संगठन (सार्क) का क्षेत्रीय प्रस्ताव तथा घोषणाहरू

बालअधिकार र बालबालिकाको संरक्षण सम्बन्धी सार्क क्षेत्रीय प्रस्ताव, घोषणाहरू तथा महासन्धि (अनुमोदन गर्न बाँकी) मा समेत नेपालले प्रतिबद्धता जनाइसकेको छ । क्षेत्रीय प्रस्ताव तथा घोषणाहरूको कुरा गर्दा सन् १९९२ को बालबालिका सम्बन्धी कोलम्बो प्रस्ताव, सन् १९९६को दक्षिण एशियाका बालबालिकाका सम्बन्धी रावलपिण्डी प्रस्ताव, सन् १९९९ को बालबालिका सम्बन्धी माले घोषणापत्र र सन् २००२ मा काठमाण्डौंमा सम्पन्न ११औं सार्क शिखर सम्मेलनबाट पारित “देहव्यापारका लागि महिला तथा बालबालिका ओसार पसार निषेध गर्न तथा यसविरूद्ध लड्नका लागि सार्क महासन्धि” उल्लेखनीय मानिन्छन् । यी प्रस्ताव, घोषणा र महासन्धिले समेत सदस्य राष्ट्रलाई बालश्रम निर्मूल गर्न र बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न जिम्मेवार बनाएको छ ।

## १०.

## देहव्यापारका लागि महिला तथा बालबालिका ओसारपसार निषेध गर्न तथा यस विरूद्ध लड्नका लागि सार्क महासन्धि २००२

(काठमाडौंमा सम्पन्न ११ औं सार्क शिखर सम्मेलनले महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारलाई रोक्ने उद्देश्यले देहव्यापारका

लागि महिला तथा बालबालिका ओसारपसार निषेध गर्न तथा यसविरूद्ध लड्नका लागि सार्क महासन्धि २००२ पारित गरेको छ । यस महासन्धिलाई नेपालले अनुमोदन गर्न भने बाँकी नै छ । यस महासन्धिले देहव्यापारको उद्देश्यले महिला तथा बालबालिकाहरूको ओसारपसारलाई मानव जातिको इज्जत र प्रतिष्ठाविरूद्धको घृणित कार्यका रूपमा चित्रण गर्दै यसलाई आधारभूत मानवअधिकारको हनन्को रूपमा लिएको छ । यसले देहव्यापारका निम्ति ओसारपसार गरिएका पीडितहरूलाई सहयोग, पुनर्स्थापना तथा क्षतिपूर्ति दिलाउनका लागि क्षेत्रीय सहयोग अभिबृद्धि गर्ने कुरामा जोड दिएको छ भने यस १८ वर्ष भन्दामुनिका व्यक्तिहरूलाई बालबालिका मानेको छ) ।

## धारा-१

**सारांशः**

बालक, देहव्यापार, ओसारपसार र अन्य प्रचलित शब्दहरूको परिभाषा ।

**परिभाषाहरू,**

**यस महासन्धिका निमित्त :**

१. “बालक” भन्नाले १८ वर्ष उमेर नपुगेका व्यक्ति भन्ने जनाउँछ ।

२. “देहव्यापार” भन्नाले व्यवसायिक उद्देश्यले गरिने व्यक्तिको यौन शोषण तथा दुरूपयोग भन्ने जनाउँछ ।

३. “ओसारपसार” भन्नाले ओसारपसार गरिएको व्यक्तिको स्वीकृति लिई वा नलिई आर्थिक वा अन्य उद्देश्यबाट देशभित्र र बाहिर देहव्यापारका लागि महिला तथा बालबालिका लैजाने, बेच्ने तथा किन्ने कार्यलाई बुझाउँछ ।

## धारा- ३

**सारांशः**
ओसारपसारमा संलग्नहरूलाई दण्डको भागिदार बनाउनु पर्ने ।

### कसुरहरू

१. यस महासन्धिका राज्यपक्षहरूले जुनसुकै प्रकारका ओसारपसारलाई आफ्ना सम्बन्धित फौजदारी कानुन अनुसारका कसुरका रूपमा निश्चित गर्न प्रभावकारी कदम उठाउने छन् र यसको गम्भीर प्रकृतिलाई मनन् गर्दै उचित सजायका साथ त्यस्ता कसुरवालालाई दण्डनीय बनाउने छन् ।

२. यस महासन्धिका राज्यपक्षहरूले आफ्नो भूमिमा ओसारपसारको प्रयोजनका लागि कुनै पनि स्थान छुट्याउने, संरक्षण गर्ने, व्यवस्था गर्ने वा जानी-जानी लगानी गर्ने वा लगानीमा संलग्न हुने तथा ओसारपसारका लागि कुनै पनि भवन वा ठाउँ दिने, भाडामा दिने कुनै पनि व्यक्ति दण्डका निम्ति उपलब्ध गराउने छन् ।

३. पहिलो तथा दोश्रो अनुच्छेदमा उल्लेखित कुनै पनि अपराध गर्न कोसिस गर्नु वा प्रोत्साहन गर्नु वा तिनीहरूलाई आर्थिक सहयोग गर्नु पनि दण्डनीय हुनेछ ।

## धारा-५

**सारांश**
न्याय सम्पादनको क्रममा पीडितको गोपनीयता कायम राखिनु पर्ने ।

### न्यायिक कारबाही :

१. यस महासन्धि अन्तर्गतका कसुरको छानबिन गर्ने क्रममा सदस्य राष्ट्रका

न्यायिक निकायले पीडित महिला तथा बालबालिकाको गोपनीयता कायम राखिएको र उनीहरूलाई उचित सरसल्लाह र कानुनी सहायता उपलब्ध गराइएको निश्चित गर्नेछन् ।

## धारा-६

**सारांश**

महासन्धिका राज्यपक्षले यस महासन्धि अन्तर्गतका कसुरहरूको छानबिन, सोधखोज, सुनुवाइ वा अन्य पारस्परिक कानुनी सहायता प्ऱ्याउने व्यवस्था ।

**पारस्परिक कानुनी सहायता**

१. यस महासन्धिका राज्यपक्षले यस महासन्धि अन्तर्गतका कसुरहरूको छानबिन, सोधखोज, सुनुवाइ वा अन्य पारस्परिक कानुनी सहायता पुऱ्याउने छन् । ती सहयोगहरू यस प्रकार रहनेछन् :

क) प्रमाण जुटाउन तथा व्यक्तिहरूको बयान लिन,

ख) सूचना, कागजात तथा आपराधिक तथा कानुनी अभिलेख लगायतका अभिलेखहरूको उपलब्धता,

ग) व्यक्ति तथा बस्तुको अवस्थिति तथा तिनको पहिचान,

घ) खोजबिन तथा जफत

ङ) प्रदर्शनयोग्य सामग्रीहरू उपलब्ध गराउने लगायतका सम्पत्ति हस्तान्तरण,

च) प्रमाण जुटाउन तथा अनुसन्धानमा सहयोग गर्न व्यक्तिहरूको गिरफ्तारी तथा अन्य कुराहरूको उपलब्धता,

छ) व्यक्तिको उपस्थिति जनाउने कागजात लगायतका कागजात सम्बन्धी सेवा तथा,

ज) यस महासन्धिको उद्देश्य अनुरूपका अन्य कुनै सहयोग

२. सम्बन्धित देशका राष्ट्रिय कानुनहरू तथा अनुरोध गर्ने राष्ट्रले अनुरोध गरेबमोजिम सहयोगको निम्ति गरिएका अनुरोधहरू तुरून्त कार्यान्वयन गरिनेछन् । कुनै कारणवस अनुरोध गरिएको राष्ट्रले अनुरोध गरिएको सहयोगको पूर्ण वा आंशिक रूपमा कार्यान्वयन गर्न असमर्थ भएमा अथवा त्यस्तो कारबाही स्थगित गर्ने निर्णय गरेमा सो को जानकारी अनुरोध गर्ने राष्ट्रलाई तुरून्त दिने तथा सो को कारणहरू समेत उपलब्ध गराउनेछ ।

# बालश्रम र शिक्षा सम्बन्धी राष्ट्रिय प्रयास र प्रावधानहरू

## ११.

## नेपाल अधिराज्यको संविधान, २०४७

भाग-३

**सारांश**

नेपाल अधिराज्यको संविधान २०४७ ले बालबालिकाहरूका लागि क्रमशः निःशुल्क शिक्षा र श्रम शोषणबाट संरक्षणको सुनिश्चितता गरेको छ ।

१८. **सँस्कृति तथा शिक्षा सम्बन्धी हकः**

(१) नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि सँस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने अधिकार हुनेछ ।

(२) प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा

शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउनेछ ।

२०. **शोषणविरूद्धको हक**

(१) मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाधा बनाउन वा कुनै किसिमले निजको इच्छाविरूद्ध काम गराउन निषेध गरिएको छ । त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ । तर सार्वजनिक प्रयोजनका लागि कानुनद्वारा अनिवार्य सेवाको व्यवस्था गर्न बाधा पर्ने छैन ।

(२) नाबालकलाई कुनै कारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाइने छैन ।

भाग-४

२६. **राज्यका नीतिहरू:**

(८) राज्यले बालबालिकाको शोषण हुन नदिइ उनीहरूको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्नेछ र नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमश: गर्दै जानेछ ।

(९) राज्यले अनाथ बालबालिका, असहाय महिला, बृद्ध, अपाङ्ग र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अबलम्बन गर्नेछ ।

# १२.

# बालबालिका सम्बन्धी ऐन, २०४८

(जेठ ७, २०४९ मा बालबालिका सम्बन्धी ऐन २०४८ मा लालमोहर लागि प्रकाशित भएको भएता पनि यो ऐन बैशाख १, २०५० बाट लागू भएको हो ।

बालबालिकाको बिषयलाई छुट्टै र व्यवस्थित रूपमा उठाइएको यो नै पहिलो बालबालिका सम्बन्धी ऐन हो । बालश्रमको अन्त्यका लागि यस ऐनमा केही व्यवस्था भएपनि यसलाई अझै व्यवस्थित गर्न बेग्लै ऐनको निर्माण हुनुपर्ने आवश्यकता महसुस गरेर तयार गरिएको बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ जारी भएको छ । बालश्रम सम्बन्धमा बालबालिका सम्बन्धी ऐन २०४८ ले गरेको व्यवस्थालाई बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ ले खारेज गरी नयाँ व्यवस्था गरिसकेको सन्दर्भमा यहाँ शिक्षा सम्बन्धी व्यवस्थालाई मात्र उल्लेख गरिएको छ । यस ऐनमा बालक भन्नाले बालक र बालिका दुवैलाई जनाउने भनी परिभाषित गरिएको छ ।)

**परिच्छेद–२**

**सारांशः**
बालकको हक अधिकारको व्यवस्था ।

४. **पालनपोषण, शिक्षा, स्वास्थोपचारको अधिकार**

(१) बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुको अतिरिक्त निजको शिक्षा, स्वास्थ्योपचार, खेलकुद तथा मनोरञ्जनको सुविधाहरूको व्यवस्था पनि गर्नुपर्छ ।

# १३ .

# श्रम ऐन, २०४८

**परिच्छेद–१**

**प्रारम्भिक**

२. परिभाषा:

(ज) "केटाकेटी" भन्नाले चौध वर्ष उमेर नपुगेको व्यक्ति सम्झनुपर्छ ।

(झ) "नाबालिग" भन्नाले चौध वर्षको उमेर पुगेको तर अठार वर्षको उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ ।

**परिच्छेद-२**

**सारांश:**

श्रम ऐन, २०४८ ले केटाकेटी र नाबालिगको परिभाषा दिएको छ । त्यस्तै परिच्छेद-२ रोजगारी र सेवाको सुरक्षा अन्तर्गत बालबालिकालाई काममा लगाउन नपाइने स्पष्ट गरिएको छ ।

## रोजगारी र सेवाको सुरक्षा

५. काम लगाउने :

(१) कुनै पनि प्रतिष्ठानमा केटाकेटीलाई काममा लगाउन पाइनेछैन ।

(२) तोकिएको अवस्थामा बाहेक नाबालिग तथा महिलालाई सामान्यत: विहान ६ बजेदेखि साँझ ६ बजेसम्म काममा लगाउन सकिनेछ ।

**परिच्छेद-६**

## कल्याणकारी व्यवस्था

४२. बालकहरूको निमित्त व्यवस्था: (१) पचास वा सो भन्दा बढी महिला कामदार तथा कर्मचारीहरू कार्यरत रहने प्रतिष्ठानको व्यवस्थापकले त्यस्ता महिला कामदार तथा कर्मचारीहरूको बालकहरूको लागि स्वास्थ्यप्रद कोठाको व्यवस्था गर्नुपर्दछ ।

# १४.

# बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६

(बालश्रम सम्बन्धमा बालबालिका सम्बन्धी ऐन २०४८ ले गरेको व्यवस्थालाई बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ ले खारेज गरी नयाँ व्यवस्था गरेको छ । यो ऐन मंसिर १, २०६१ देखि लागू भएको हो । यस ऐनमा बालक भन्नाले बालक र बालिका दुवैलाई जनाउने भनी परिभाषित गरिएको छ ।)

**परिच्छेद –२**

**सारांशः**
१४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउन निषेध ।

३. **बालकलाई काममा लगाउन नहुनेः**

(१) कसैले पनि १४ वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूपमा काममा लगाउनु हुँदैन ।

(२) कसैले पनि बालकलाई अनुसूचीमा उल्लेखित जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनु हुँदैन ।

४. **बालकलाई इच्छाविरूद्ध काममा लगाउन नहुनेः**

कसैले पनि बालकलाई ललाइ–फकाइ वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरूद्ध श्रमिकको रूपमा काममा लगाउनु हुँदैन ।

## परिच्छेद –३

**सारांशः**

१४ देखि १६ वर्ष सम्मका बालबालिकालाई काममा लगाउने सम्बन्धी व्यवस्था ।

### ५. सूचना दिनुपर्नेः

(१) यो ऐन प्रारम्भ हुँदाका बखत अनुसूचीमा उल्लेखित जोखिमपूर्ण व्यवसाय वा कार्य संचालन गरिरहेका व्यवस्थापकले यो ऐन प्रारम्भ भएको मितिले ३० दिनभित्र श्रम कार्यालयलाई देहायका विवरणहरू खुलाई सूचना दिनुपर्नेछ :-

(क) प्रतिष्ठानको नाम र ठेगाना,

(ख) व्यवस्थापकको नाम र ठेगाना,

(ग) प्रतिष्ठानद्वारा सञ्चालित व्यवसाय वा कार्यको प्रकृति र

(घ) तोकिए बमोजिमका अन्य विवरणहरू ।

(२) यो ऐन प्रारम्भ भएपछि अनुसूचीमा उल्लेखित जोखिमपूर्ण व्यवसाय वा कार्य सञ्चालन गर्ने व्यवस्थापकले त्यस्तो व्यवसाय वा कार्य सञ्चालन गरेको मितिले १५ दिनभित्र श्रम कार्यालयलाई उपदफा (१) बमोजिम सूचना दिनुपर्नेछ ।

### ६. स्वीकृति लिनुपर्नेः

(१) कुनै प्रतिष्ठानले बालकलाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु, आमा वा संरक्षकको स्वीकृति लिनुपर्नेछ । तर श्री ५ को सरकारबाट स्वीकृति प्राप्त शिक्षण संस्था वा बालकको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानुन बमोजिम स्थापित संस्थाद्वारा बालकको बृहत् हितको निमित्त

आयोजना गरिने काममा वा साँस्कृतिक कार्यक्रममा लगाउन उपयुक्त शर्तहरू लगाउन सक्नेछ र प्रतिष्ठानले यसको पालना गर्नु पर्नेछ ।

७. **योग्यताको प्रमाणपत्र लिनुपर्नेः**

(१) प्रतिष्ठानले बालकलाई श्रमिकको रूपमा काममा लगाउनु अघि त्यस्तो बालकले श्रमिकको रूपमा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिनु पर्नेछ ।

(२) प्रतिष्ठानले उपदफा (१) बमोजिम योग्यताको प्रमाणपत्र लिन त्यस्तो बालकले गर्नुपर्ने कामको प्रकृति र उमेर समेत उल्लेख गरी श्रम कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि श्रम कार्यालयले चिकित्सकद्वारा त्यस्तो बालकको स्वास्थ्य परीक्षण गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम चिकित्सकद्वारा बालकको स्वास्थ्य परीक्षण गराउँदा त्यस्तो बालक काम गर्न योग्य देखिएमा चिकित्सकले तोकिएको ढाँचामा योग्यताको प्रमाणपत्र दिनेछ ।

(५) उपदफा (४) बमोजिम दिइएको योग्यताको प्रमाणपत्र एक वर्ष बहाल रहनेछ ।

(६) उपदफा (४) बमोजिम दिइएको योग्यताको प्रमाणपत्र सम्बन्धित प्रतिष्ठानले चिकित्सकद्वारा नवीकरण गराउनु पर्नेछ ।

(७) योग्यताको प्रमाणपत्र लिँदा र नवीकरण गर्दा लाग्ने दस्तुर सम्बन्धित प्रतिष्ठानले नै व्यहोर्नु पर्नेछ ।

(८) यो ऐन प्रारम्भ हुँदाका बखत १४ वर्ष उमेर पूरा भएका बालकलाई काममा लगाएको प्रतिष्ठानले यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र योग्यताको प्रमाणपत्र लिइसक्नु पर्नेछ ।

८. **विवरण दिनुपर्ने :**

१) यो ऐन प्रारम्भ भएपछि बालकलाई काममा लगाउने प्रतिष्ठानले काममा

लगाएको मितिले १५ दिनभित्र उक्त बालकको फोटो सहित देहायका कुराहरू खुलाइएको विवरण श्रम कार्यलयमा पेश गर्नु पर्नेछ :

क) प्रतिष्ठानको नाम र ठेगाना,

ख) व्यवस्थापकको नाम र ठेगाना,

ग) प्रतिष्ठान सञ्चालन भएको मिति,

घ) प्रतिष्ठानद्वारा सञ्चालित व्यवसाय वा कार्य,

ङ) बालकको नाम, ठेगाना र उमेर,

च) बालकको बाबु, आमा वा संरक्षकको नाम र ठेगाना,

छ) बालकलाई काममा लगाइएको मिति,

ज) बालकले गर्नुपर्ने कामको प्रकृति,

झ) बालकले पाउने परिश्रमिकको रकम तथा अन्य सुविधाहरू,

ञ) बालकको योग्यताको प्रमाणपत्र, र

ट) तोकिए बमोजिमको अन्य विवरणहरू

२) यो ऐन प्रारम्भ हुँदाका बखत चौध वर्ष उमेर पूरा गरेको बालकलाई काममा लगाई राखेको प्रतिष्ठानले यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र उपदफा (१) बमोजिमको विवरण श्रम कार्यालयमा पेश गर्नु पर्नेछ ।

९. **काममा लगाउने समयः**

१) बालकलाई बेलुका ६ बजेपछि विहान ६ बजेसम्मको अवधिभर काममा लगाउनु हुँदैन ।

२) बालकलाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६ घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लागाउनु हुँदैन ।

३) बालकलाई प्रत्येक दिन लगातार तीन घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा एक दिनको बिदा दिनु पर्नेछ ।

४) उपदफा (३) बमोजिम दिइएको प्रत्येक दिनको आधा घण्टाको आराम समय र प्रत्येक दिनको आधा घण्टाको आराम गर्ने समय र प्रत्येक सप्ताहको एक दिनको बिदा कम गरेको अवधि मानिनेछ ।

५) एकैदिन एउटा प्रतिष्ठानमा काम गरिसकेको बालकलाई सोही दिन पुनः अर्को प्रतिष्ठानमा काममा लगाउनु हुँदैन ।

**१० पारिश्रमिक र सुविधाः**

१) प्रतिष्ठानले श्रमिकको रूपमा काम गर्ने बालककलाई लिङ्ग, वर्ण, धर्म वा जात जातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनु पर्नेछ ।

२) प्रतिष्ठानमा काम गर्ने बालकले पाउने पारिश्रमिक, भत्ता बिदा र सुविधा तोकिए बमोजिम हुनेछ ।

३) उपदफा (२) बमोजिम तोकिएको पारिश्रमिक र सुविधाभन्दा कम पारिश्रमिक र सुविधा दिने गरी व्यवस्थापकले बालकलाई प्रतिष्ठानमा काममा लगाउनु हुँदैन ।

११. **बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्थाः**

प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य र सुरक्षाका सम्बन्धमा व्यवस्थापकले अपनाउनुपर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **उमेर सम्बन्धी विबादः**

१) प्रतिष्ठानमा काम गर्ने कुनै बालकको उमेरसम्बन्धी विबाद परेमा त्यस्तो बालकको जन्म दर्ता प्रमाणपत्रमा उल्लेखित जन्म मिति अनुसारको उमेर नै

निजको वास्तविक उमेर मानिनेछ ।

२) कुनै बालकको जन्म दर्ता प्रमाणपत्र नभएमा चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गराई निश्चित गरिएको उमेर नै निजको वास्तविक उमेर मानिनेछ ।

**१३. दर्ता किताब राख्नुपर्ने :**

१) प्रतिष्ठानमा काममा लगाउने बालकको सम्बन्धमा व्यवस्थापकले देहायका कुराहरू खुलाइ एउटा दर्ता किताब राख्नुपर्नेछः

क) बालकको नाम र ठेगाना,

ख) बाबु, आमा वा संरक्षकको नाम र ठेगाना,

ग) जन्म मिति वा उमेर,

घ) काममा लगाएको मिति,

ङ) कामको प्रकृति,

च) काम गर्नुपर्ने समय,

छ) पारिश्रमिक तथा अन्य सुविधाहरू र

झ) तोकिए बमोजिमका अन्य कुराहरू

२) उपदफा (१) बमोजिमको दर्ता किताब श्रम कार्यालयबाट खटी आएको कर्मचारीले मागेको बखत प्रतिष्ठानले हेर्न दिनु पर्नेछ ।

**१४. सूचना टास्नुपर्ने**

व्यवस्थापकले बालकलाई लगाउन नहुने काम, बालकले पाउने पारिश्रमिक, सुविधा तथा साप्ताहिक बिदाको दिन र बालकलाई यस ऐन विपरीत काममा लगाएमा हुने सजाय सम्बन्धी कुराहरू प्रतिष्ठानको सूचना पाटीमा अनिवार्य रूपमा टास्नु पर्नेछ ।

## परिच्छेद - ४

**सारांशः**

बालश्रमिक रहेको कार्यस्थलको निरीक्षण सम्बन्धी व्यवस्था ।

### १५. निरीक्षण तथा कारबाहीः

१) श्रम कार्यालयले समय-समयमा कुनै कर्मचारीलाई बालकलाई काममा लगाउने प्रतिष्ठानको निरीक्षण गर्न खटाउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम खटिएको कर्मचारीलाई व्यवस्थापकले जुनसुकै समयमा प्रतिष्ठानमा प्रवेश गर्न र आवश्यक निरीक्षण गर्न दिनु पर्नेछ । यसरी निरीक्षण गर्न खटिएको कर्मचारीले हेर्न र बुझ्न चाहेको कुरा व्यवस्थापकले उपलब्ध गराउनु पर्नेछ ।

### १६. कामबाट हटाउनेः

१) दफा १५ बमोजिम प्रतिष्ठानको निरीक्षण गर्दा दफा ३ वा ४ विपरीत बालकलाई कुनै प्रतिष्ठानमा काममा लगाइएको पाइएमा निरीक्षण गर्ने कर्मचारीले यथासीघ्र त्यस्तो बालकलाई निजको बाबुआमा वा संरक्षकको जिम्मा लगाउने र बालकलाई कामबाट हटाउन व्यवस्थापकलाई आदेश दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम बालकको बाबुआमा वा संरक्षक नभएमा वा पत्ता नलागेमा त्यस्तो बालकलाई व्यस्थापकले कुनै बालकल्याण गृह वा बालकलाई हेरचाह गर्ने कुनै संस्थामा राखिदिनु पर्नेछ ।

३) उपदफा (१) (२) बमोजिम बालकलाई निजको बाबुआमा वा संरक्षकको जिम्मा लगाउँदा लाग्ने खर्च वा बालकल्याण गृह वा बालकलाई हेरचाह गर्ने संस्थामा राख्दा त्यस्तो बालकल्याण गृह वा संस्थाको नियमानुसार लाग्ने खर्च प्रतिष्ठानले व्यहोर्नु पर्नेछ ।

**१७. निरीक्षण प्रतिवेदनः**

१) दफा १५ बमोजिम निरीक्षण गर्ने कर्मचारीले कुनै प्रतिष्ठानमा यस ऐन विपरीत बालकलाई काममा लगाइएको वा काममा लगाइएको बालकको स्वास्थ्य र सुरक्षाको लागि गर्नुपर्ने व्यवस्था लगायत यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नुपर्ने अन्य सबै व्यवस्थाहरू गरेको छ वा छैन यथार्थ विवरण खुलाई निरीक्षण समाप्त भएको मितिले १५ दिनभित्र श्रम कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । यसरी खटिएको कर्मचारीले यस दफा बमोजिमको आदेश अनुरूपको कार्य गरे-नगरेको तथा दिइएको प्रतिवेदन यथार्थ भए-नभएको सम्बन्धमा श्रम कार्यालयले तोकिए बमोजिम जाँच गर्न सक्नेछ र अन्यथा देखिएमा कानुन बमोजिम कारबाही हुनेछ ।

२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन अनुसार कुनै प्रतिष्ठानमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नुपर्ने कुनै व्यवस्था नगरेको पाइएमा श्रम कार्यालयले यथासीघ्र त्यस्तो व्यवस्था गर्न मनासिव म्याद तोकी व्यवस्थापकलाई आदेश दिनेछ ।

३) उपदफा (२) बमोजिम श्रम कार्यालयले दिएको म्यादभित्र व्यस्थापकले आदेश बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ ।

**१८. सुविधा रोक्का राख्ने :**

१) दफा १७ बमोजिम श्रम कार्यालयले दिएको आदेश बमोजिम सम्बन्धित प्रतिष्ठानले आवश्यक व्यवस्था नगरेमा श्रम कार्यालयले त्यस्तो प्रतिष्ठानलाई प्रचलित कानुन वमोजिम दिइने सुविधा तोकिएको अवधिसम्मको लागि रोक्का गर्न सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ ।

२) कुनै प्रतिष्ठानको सम्बन्धमा श्रम कार्यालयबाट उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले त्यस्तो प्रतिष्ठानले पाउने सुविधा रोक्का गरी त्यसको जानकारी श्रम कार्यालयलाई दिनु पर्नेछ ।

## परिच्छेद ५

**सारांश:**
दण्ड, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था ।

१९. **दण्ड सजाय:**

१) कसैले दफा ३ को उपदफा (१) विपरीत काम गरेमा निजलाई तीन महिनासम्म कैद वा दस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

२) कसैले दफा ३ को उपदफा (२) र दफा ४ विपरीत काम गरेमा निजलाई एक वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

३) कुनै व्यवस्थापकले दफा ६, ७, ८, ९, १० वा ११ विपरीत कुनै काम गरेमा निजलाई दुई महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

४) कुनै व्यवस्थापकले दफा ५, १३ वा १४ विपरीत कुनै काम गरेमा निजलाई एक महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

५) कसैले उपदफा (१), (२) (३) र (४) मा लेखिएदेखि बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा निजलाई पन्ध्र दिनसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

६) कसैले उपदफा (१) (२), (३), (४) वा (५) बमोजिम एकपटक सजाय पाइसकेपछि पुन: सोही काम गरेमा निजलाई पटकैपिच्छे सोही उप-दफाहरूमा उल्लेखित सजायको दोब्बर सजाय हुनेछ ।

## २० उजूरी र हदम्यादः

१) यस ऐन अन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा देहाय बमोजिमको व्यक्ति वा संस्थाले सम्बन्धित श्रम कार्यालयमा उजूरी दिन सक्नेछ :

क) दफा १५ बमोजिम प्रतिष्ठानको निरीक्षण गर्ने कर्मचारी,

ख) सम्बन्धित इलाकाको प्रहरी,

ग) सम्बन्धित बालक वा निजको बाबु, आमा वा संरक्षक,

घ) सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका,

ङ) प्रतिष्ठान स्तरको ट्रेड युनियन, वा

च) बालकको हक र हितको संरक्षकको निमित्त कार्यरत प्रचलित कानुन बमोजिम स्थापित निकाय वा गैरसरकारी संस्था ।

२) यस ऐन अन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा सो कार्य भए गरेको मितिले एक वर्षभित्र उजूरी दिनुपर्नेछ ।

## २१. सजाय गर्ने अधिकारः

१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको उल्लंघन गर्ने व्यक्तिलाई दफा १९ बमोजिम सजाय गर्ने अधिकार श्रम कार्यालयलाई हुनेछ ।

२) उपदफा (१) बमोजिम सजाय गर्दा श्रम कार्यालयले कैदको सजाय गर्नु परेमा श्रम अदालतमा जाहेर गरी सो अदालतबाट निकासा भए बमोजिम गर्नुपर्नेछ ।

## २२. पुनरावेदन :

दफा २१ बमोजिम कार्यालयले गरेको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले ३५ दिनभित्र श्रम अदालतमा पुनरावेदन गर्न सक्नेछ । तर कैदको सजाय तोकिएकोमा सो उपर पुनरावदेन अदालतमा पुनरावेदन गर्नु पर्नेछ ।

परिच्छेद ६

**सारांश:**
बालश्रम निवारण समिति र बालश्रम निवारण कोषको व्यवस्था

## २३ बालश्रम निवारण समिति:

१) श्री ५ को सरकारले प्रतिष्ठानमा कार्य गर्ने बालकको स्वास्थ्य, सुरक्षा, शिक्षा, व्यवसायिक र तालिमको व्यवस्था गर्न बालकलाई उपयुक्त रोजगारीको व्यवस्था गर्न, बालबालिकालाई काममा लगाउन निरूत्साहित तुल्याउन र बालश्रम निवारण गर्ने सम्बन्धमा आवश्यक राय सुझाव प्राप्त गर्नको लागि बालश्रम निवारण समिति गठन गरिनेछ ।

२) यस्तो समितिमा तोकिए बमोजिम बालश्रमको क्षेत्रमा कार्यरत सरकारी र गैरसरकारी संस्था तथा विशेषज्ञको समुचित प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

३) बालश्रम निवारण समितिको गठन विधि, काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## २४. बालश्रम निवारण कोष :

१) श्री ५ को सरकारले प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य, सुरक्षा, शिक्षा, व्यवसायिक र तालिमको व्यवस्था गर्न, बालकलाई उपयुक्त रोजगारीको व्यवस्था गर्न बालकलाई काममा लगाउन निरूत्साहित तुल्याउन र बालश्रम निवारण गर्ने सम्बन्धमा बालश्रम निवारण कोषको नामले एउटा कोष स्थापना गरिनेछ ।

२) बालश्रम निवारण कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

क) श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम,

ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूबाट प्राप्त चन्दा, शुल्क, अनुदान तथा सहयोगको रकम,

ग) अन्य स्रोत निवारण कोषमा जम्मा हुने रकम र कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२५. **निर्देशन दिन सक्ने** :

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले व्यवस्थापक, ट्रेड युनियन तथा बाल कल्याण गृह र बालकको हेरचाह गर्ने संस्थालाई बालकको हक र हितको सुरक्षाको लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम श्री ५ को सरकारले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१४. **अनुसूची (दफा ३ को उपदफा (२) सँग सम्बन्धित जोखिमपूर्ण व्यवसाय वा कामहरू,**

(क) पर्यटन, आवास, मोटेल, होटेल, जुवाघर, रेष्टुरा, बार, पव रिसर्ट, स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर र्‍याफ्टिङ्ग, केवल कार कम्प्लेक्स, ट्रेकिङ्ग, पदयात्रा, पर्वतारोहण, हट एयर ब्यालुनिङ्ग, प्यारासेलिङ्ग, गल्फ कोर्ष, पोलो, अश्वरोहण आदि पर्यटनसँग सम्बन्धित व्यवसायहरू,

ख) कार्यशाला, प्रयोगशाला, शीत भण्डार आदि सेवामूलक व्यवसायहरू,

ग) सार्वजनिक परिवहन र निर्माण व्यवसायहरू,

घ) चुरोट, बिँडी बनाउने, गलैंचा बुन्ने तथा रंगाउने, ऊन सफा गर्ने, कपडा बुन्ने, धुने, रङ्गाउने तथा बुट्टा छाप्ने, छाला प्रशोधन गर्ने, सिमेन्ट उत्पादन र बिक्री वितरण, बियर मदिरा तथा अन्य पेय पदार्थहरूको उत्पादन, साबुन उत्पादन, बिटुमिन उत्पादन, पल्प र पेपर उत्पादन, स्लेट, पेन्सिल उत्पादन, कीटनाशक औषधी उत्पादन, लुब्रिकेटिङ्ग, फोटो प्रोसेसिङ्ग, रबर, सिन्थेटिक, प्लाष्टिक, सिसा पारोसँग सम्बन्धित कार्यहरू,

ङ) जलस्रोत, वायु, शौर्यशक्ति, कोइला, प्राकृतिक तेल वा ग्याँस, बायोग्याँस तथा त्यस्तै अन्य स्रोतबाट उर्जा पैदा गर्ने र त्यसको प्रसारण वा वितरणसँग सम्बन्धित कार्यहरू,

च) खानी, खनिज पदार्थ, प्राकृतिक तेल वा ग्याँसको उत्खनन् प्रशोधन तथा वितरणसँग सम्बन्धित कार्यहरू

छ) रिक्सा वा ठेलगाडा,

ज) कटिङ्ग मेशीन जस्ता कार्यहरू

झ) जमिनमुनि, पानीमुनि र धेरै उचाइमा चढेर गर्नुपर्ने कार्यहरू,

ञ) रसायनिक पदार्थसँग सम्पर्क हुने कार्यहरू, र

ट) प्रचलित कानुन बमोजिम तोकिएको अन्य जोखिमपूर्ण कार्यहरू

## १५.

# दशौं राष्ट्रिय योजना (२०५९-२०६४)

(नेपालमा योजनाबद्ध विकासको प्रक्रिया वि.स.२०१३ बाट आवधिक योजना लागू भएपछि शुरू भएको हो । हाम्रो देशमा हाल दशौं पञ्चवर्षीय योजना चालू रहेको छ । बालबालिकाहरूको बिषयलाई योजनामा नै राख्ने चलन सातौं पञ्चवर्षीय योजनाबाट शुरू भएको हो । यसरी सातौं पञ्चवर्षीय योजनाबाट शुरू भएको प्रक्रिया दशौं योजनामा आइपुग्दा बालबालिकाहरूको मुद्धाले महत्व पाउँदै गरेको पाइन्छ । योजना तर्जुमाको क्रममा बालबालिकाहरूको सहभागिता हुनु पनि दशौं योजनाको अर्को महत्वपूर्ण पक्ष रहेको छ । सिविन लगायतका संघसंस्था र बालक्लबमा रहेका बालबालिकाहरूको दशौं योजना निर्माणको क्रममा उल्लेख्य भूमिका रहेको थियो । यहाँ दशौं योजनाको अध्याय २६ मा महिला, बालबालिका तथा समाज कल्याण क्षेत्रका बारेमा उल्लेखित कुराहरूलाई समेटिएको छ ।)

## महिला, बालबालिका तथा समाज कल्याण क्षेत्र

## बालअधिकार र विकास

**क) उद्देश्य,**

बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक र मनोवैज्ञानिक विकासको अधिकारलाई सुनिश्चित गर्दै शोषण र भेदभावबाट संरक्षित गरी बालअधिकारको संरक्षण र प्रबर्द्धन गरिनेछ ।

**ख) क्षेत्रगत समष्टिगत मुख्य–मुख्य लक्ष्यहरू**

बालअधिकार सापेक्ष कानुनी व्यवस्था गर्ने र संस्थागत विकास र संरचनालाई सुदृढीकरण गर्ने ।

सरकारी, स्थानीय निकायहरू, गैरसरकारी संस्था, नागरिक समाज र निजी क्षेत्रलाई बालअधिकारमुखी कार्यक्रम संचालन गर्न उन्मुख गराउने ।

- निकृष्ट प्रकारको बालश्रम उन्मूलन गर्ने ।
- शिक्षा र स्वास्थ्य सुनिश्चित गर्ने साथै पोषण स्थिति सुधार गर्ने ।
- करिब ८० प्रतिशत बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्ने ।
- बालअधिकार तथा बालअधिकार अभिबृद्धिको सन्दर्भमा बालसहभागिता बृद्धि गर्ने ।

**ग) रणनीतिहरू**

आजका बालक भोलिका राष्ट्रको सञ्चालक भएकाले उनीहरू सम्बद्ध आधारभूत पक्षमा राष्ट्रले विशेष ध्यान दिनु आवश्यक छ । निकृष्ट प्रकारका बालश्रमको समस्या समाजमा बढिरहेको, सडक बालबालिकाको संख्या बढिरहेको र विद्यालय भर्ना दरको हिसाबले २० प्रतिशत बालबालिकाका अझै पनि आधारभूत

शिक्षाबाट समेत वञ्चित रहेको परिप्रेक्ष्यमा बालअधिकार पक्षमा स्पष्ट नीति तथा कार्यक्रम हुनु आवश्यक छ । खासगरी बालबालिकाको शिक्षित हुन पाउने र निर्भिक रूपमा हुर्कन बढ्न पाउने अधिकारलाई सुनिश्चित गर्न बालबालिकाविरूद्ध हुने सबै प्रकारका शोषणको अन्त्य गर्ने, घरपरिवारमा बालअधिकारको चेतना बृद्धि गर्ने जस्ता कार्यक्रमहरूले सामाजिक न्याय प्रबर्द्धन गर्नुका साथै भावी पुस्ताको क्षमता बृद्धिबाट आर्थिक विकासमा समेत टेवा पुऱ्याउँछ । यस परिप्रेक्ष्यमा यस क्षेत्रका प्रमुख रणनीतिहरू निम्नानुसार रहेका छन् ।

१. अधिकारमुखी अवधारणामा बालअधिकारलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउने ।

२. बालश्रम हटाउने र कठिन तथा हिंसात्मक गतिविधिबाट प्रभावित बालबालिकालाई पुनर्स्थापना गरी उनीहरूको अधिकार सुदृढ गर्ने ।

३. बालअधिकार सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने ।

## घ) नीति तथा कार्यनीतिहरू

**बालअधिकारको मूलप्रवाहीकरण (रणनीति १ सँग सम्बद्ध)**

- बालअधिकार सापेक्ष कानुनी व्यवस्था स्थापना गर्ने
- कानुनी संरचनाको विकासका साथै बालबालिकालाई यौन शोषण, बेचबिखन र दुर्व्यवहार एवं हिंसात्मक गतिविधिको मारबाट बचाउन तथा त्यस्ता गतिविधिमा समावेश हुन नदिने वातावरणको सिर्जना गर्ने
- बालअधिकार संरक्षण तथा विकासको सबै चरणमा बालसहभागिता संस्थागत रूपमा अभिबृद्धि गर्ने ।
- अपाङ्ग एवं दलितवर्गका बालबालिकाहरूको शिक्षा निःशुल्क गर्ने र अपाङ्गहरूका निम्ति विशेष शिक्षालाई प्रभावकारी एवं विस्तार गर्ने ।
- केन्द्रीय र जिल्ला बालकल्याण समितिलाई सुदृढ गर्ने ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास समुदाय एवं नागरिक सामाजसँग बालअधिकार तथा विकास कार्यका लागि साझेदारी पद्धति अपनाउने ।

### बालश्रम हटाउने (रणनीति २ सँग सम्बद्ध)

निकृष्ट बालश्रमलाई योजना अवधिमा उन्मूलन गर्नुका साथै अन्य प्रकारका श्रमहरूलाई उन्मूलन गरिँदै लैजाने र बालयौन शोषण, दुर्व्यवहार, बेचबिखन तथा ओसारपसार कार्यलाई प्रतिकारात्मक, प्रबर्द्धनात्मक तथा पुनर्स्थापनात्मक उपाय अपनाइ रोकथाम तथा नियन्त्रण गर्ने ।

कठिन परिस्थितिका बालबालिकाहरू तथा हिंसात्मक गतिविधिबाट प्रभावित भइ विस्थापित बालबालिकाहरूलाई समुदायमा आधारित पुनर्स्थापना गर्ने । यसको लागि दातृसमुदाय, गैरसरकारी, निजी क्षेत्र र नागरिक सामाजलाई परिचालन गर्ने ।

### बालअधिकार सम्बर्द्धनमा चेतना अभिबृद्धि (रणनीति ३ सँग सम्बद्ध)

गैरसरकारी संस्था, सामुदायिक संस्था तथा नागरिक सामाज समेतको संलग्नतामा बालअधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा बालबालिकाको विचार एवं सहभागितालाई प्रोत्साहन गर्ने ।

### ङ) कार्यक्रमहरू

- अपाङ्ग सम्बन्धी ऐन कानुन संशोधन गर्ने ।
- बालअधिकारलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउन सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गर्ने ।
- बालअधिकार सापेक्ष कानुनी व्यवस्था स्थापना गर्ने, बालबालिकालाई यौनशोषण, बेचबिखन र दुर्व्यवहारबाट बचाउन तथा युद्धको मारबाट बचाउन र त्यस्ता युद्धमा समावेश हुन नदिन ऐन कानुन निर्माण एवं सुधार गर्न समिति गठन गरी आवश्यक कार्य गर्ने ।

- अन्तर्राष्ट्रिय स्तरमा दर्शाएका प्रतिबद्धता कार्यान्वयन गर्न राष्ट्रिय कार्य योजना तयार गर्ने ।
- निकृष्ट बालश्रमलाई योजना अवधिमा उन्मूलन गर्ने साथै अन्य प्रकारका श्रमहरूलाई उन्मूलन गर्न अन्तर्राष्ट्रिय निकायहरूसँग सहकार्य गर्ने ।
- जन्म दर्ता बढाउन र बालविवाह नियन्त्रण गर्न आवश्यक पहल गर्ने ।
- बालयौन शोषण, दुर्व्यवहार, बेचबिखन तथा ओसारपसार कार्यलाई प्रतिकारात्मक, प्रबर्द्धनात्मक तथा पुनर्स्थापनात्मक कार्यका लागि पहल गर्ने एवं प्रचार गर्ने ।
- कठिन परिस्थितिका बालबालिकाहरू तथा हिंसात्मक गतिविधिबाट प्रभावित बालबालिकाहरूलाई समुदायमा आधारित पुनर्स्थापना गरी आधारभूत शिक्षा, स्वास्थ्यको सुविधा उपलब्ध गराउने । यसको लागि दातृ समुदाय, गैरसरकारी, निजी क्षेत्र र नागरिक समाजसँग सहकार्य गर्ने ।
- बालअधिकारसम्बन्धी चेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने र यस्ता कार्यक्रममा बालबालिकाको सहभागिता बढाउने ।
- अपाङ्ग बालबालिकाका लागि शिक्षा निःशुल्क गर्ने र विशेष शिक्षालाई प्रभावकारी बनाउन र विस्तार गर्न पहल गर्ने ।
- राष्ट्रिय श्रोत केन्द्र स्थापना गर्ने ।
- पाँचै विकास क्षेत्रमा एक-एक वटा पुनर्स्थापना गृह सञ्चालन गर्ने ।
- केन्द्रीय तथा जिल्ला बालकल्याण समितिलाई क्रमशः साधन र श्रोतबाट सम्पन्न गर्ने ।
- नेपाल बाल संगठन र गैरसरकारी संस्थालाई बालविकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न अनुदान दिने ।

**१७. अपेक्षित उपलब्धीहरू**

- बालअधिकारको संरक्षण र विकासमा उल्लेखनीय बृद्धि भएको हुनेछ ।

- सरकारी, गैरसरकारी संघसंस्था, नागरिक समाज र निजी क्षेत्रबीच बालअधिकारमुखी कार्यक्रम सञ्चालनमा प्रभावकारी समन्वय हुनेछ ।
- बालअधिकार प्रत्याभूत गराउन संस्थागत संरचना सुदृढ भएको हुनेछ ।
- बालअधिकार सापेक्ष कानुनी व्यवस्था स्थापित हुनेछ ।
- निकृष्ट बालश्रम उन्मूलन भएको हुनेछ ।
- अनुगमन र मूल्याङ्कन व्यवस्था संस्थागत तथा दिगो हुनेछ ।

## शिक्षा र श्रम सम्बन्धी प्रावधान

शिक्षा क्षेत्रको दीर्घकालीन अवधारणा र नौं योजना अवधिमा शिक्षा क्षेत्रमा भएको उपलब्धी र विद्यमान चुनौती समेतलाई ध्यानमा राखी दशौं योजनामा शिक्षा क्षेत्रका मुख्य(मुख्य उद्देश्य, नीति र कार्यक्रमहरू निम्नानुसार निर्धारण गरिएका छन् ।

**उद्देश्य** :

१. साक्षरता, राक्षरोत्तर, आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम संचालन गरी विशेषत: पिछडिएका समुदाय तथा महिलाको जीवस्तर उकास्न मद्दत पुऱ्याउने,

२. देशविकासको आवश्यकता अनुरूप गुणस्तरयुक्त शिक्षाको विकास र विस्तार गर्ने तथा गुणस्तरीय प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउने,

३. देशका निम्ति आवश्यक आधारभूत तथा मध्यमस्तरीय सीपयुक्त प्राविधिक जनशक्ति आपूर्ति गर्ने,

४. देशको सर्वाङ्गीण विकासका लागि अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने दक्ष जनशक्ति उत्पादनका निमित्त मानव संशाधन विकास गरी गरिबी उन्मूलनका निम्ति आर्थिक तथा सामाजिक विकास गर्न शिक्षालाई सशक्त माध्यमको रूपमा उपयोग गर्ने,

५. गुणस्तरीय शिक्षाको परिभाषा र मापदण्डको विकास एवं परिमार्जन गर्दै सो का आधारमा शिक्षाका सबै तहका निकायलाई नेतृत्व लिन सक्ने तुल्याइ जिम्मेवारी सुम्पने र यसको निम्ति सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन पद्धतिको सुदृढीकरण गर्नुका साथै सबै तहमा शिक्षण अनुमतिपत्र व्यवस्था लागू गरी प्राथमिक विद्यालय शिक्षाको न्यूनतम शैक्षिक योग्ययता प्रमाणपत्र तह र तालिम अनिवार्य गर्न पूर्वाधारको विकास गर्ने,

६. सबैको लागि शिक्षाको सन्दर्भमा महिला तथा अपाङ्गको लागि शिक्षाको अवसरहरूमा पहुच बढाउन विशेष व्यवस्था गर्ने ,

७. देशमा आवश्यक पर्ने सक्षम, सवल र अनुशासित जनशक्ति तयार गर्न युवा परिचालन तथा खेलकूद विकास गर्ने ।

## तहगत समष्टीगत मुख्य मुख्य परिमाणात्मक लक्ष्यहरू

### अनौपचारिक शिक्षा

योजनाले निर्धारण गरेको साक्षरता प्रतिशतको लक्ष्य हासिल गर्न १८ लाख ६६ हजार निरक्षर प्रौढहरू विशेषत: महिला दलित, पिछडिएका जनजातिलाई साक्षर बनाउने र ९ लाख ३३ हजार नवसाक्षरहरूलाई साक्षरोत्तर तहको शिक्षा प्रदान गर्ने र ती मध्य ९३ हजार ३ सय जनालाई सीपमूलक तालिम प्रदान गर्ने ।

## पूर्व प्राथमिक शिक्षा

कक्षा १ मा भर्ना हुने विद्यार्थी मध्ये ४० प्रतिशत बालविकास केन्द्र (Early Childhood Development) वा पूर्व प्राथमिक (Pre-Primary) कक्षाका सहभागीबाट आउने व्यवस्था मिलाउन बालविकास केन्द्रको संख्या १३ हजार पुऱ्याउने र सबै प्राथमिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूलाई अभिमुखीकरण तालिम दिने, २ लाख ६६ हजार अभिभावकलाई अभिभावक शिक्षा प्रदान गर्ने ।

## प्राथमिक शिक्षा

प्राथमिक तहको खुद भर्नादर ९० प्रतिशत पुऱ्याउने, महिला शिक्षाको अनुपात ३० प्रतिशत पुऱ्याउने, महिला र पिछडिएका वर्ग (दलित, पिछडिएका जनजाति, अपाङ्ग, महिला तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग) का बालबालिकालाई छात्रबृत्ति दिने ।

## माध्यमिक शिक्षा

कूल भर्ना प्रतिशत निम्न माध्यमिक तहमा ६५ प्रतिशत र माध्यमिक तहमा ४५ प्रतिशत पुऱ्याउने, ५० हजार विद्यार्थीहरूलाई छात्रबृत्ति प्रदान गर्ने जसमा छात्रा, पिछडिएका जनजाति र दलितले प्रथमिकता पाउनेछन् ।

## उच्च माध्यमिक शिक्षा

कक्षा १(१२ सम्मको एकीकृत पाठ्यक्रम विकास गर्ने, हरेक निर्वाचन क्षेत्रमा १/१ वटा पर्ने गरी २०५ वटा सामुदायिक उच्च माध्यमिक विद्यालयको व्यवस्था गरी विज्ञान बिषयको पढाइ सञ्चालन गर्न प्रोत्साहित गर्ने तथा प्रत्येक जिल्लाको कम्तिमा एउटा उच्च मा.वि.लाई व्यवसायिक बिषयको अध्यापन गराउन अभिप्रेरित गर्ने ।

**रणनीति**

सचेत, सक्षम र सुसूचित नागरिकहरू सामाजिक तथा आर्थिक विकासको आधारशिला हुन् । शिक्षाको विकास र अवसर नै सामाजिक असमानता हटाउन सक्ने प्रवल साधन पनि हो । शिक्षित र सीपयुक्त  नागरिकबाट जीवनस्तरमा उल्लेख्य उपलब्धी हुने हुदा यी पक्षहरूलाई मानव विकासको प्रमुख सूचकको रूपमा लिइन्छ । शिक्षामा पनि कम साक्षरता र बेरोजगारी बढिरहेको हाम्रो जस्तो देशमा साक्षरता र प्राविधिका शिक्षामा जोड दिनु आर्थिक विकासको निमित्त बढी प्रभावकारी हुने मानिन्छ । महिला शिक्षामा जोड दिनाले लैङ्गिक समानता हासिल गर्न मद्दत गर्छ । त्यस्तै देशको द्रुततर विकासको लागि विभिन्न बिषयगत क्षेत्रहरूमा नेतृत्व प्रदान गर्न सक्ने जनशक्तिको विकास गर्न उच्च शिक्षाको विकासले मद्दत पुऱ्याउछ । आधारभूत शिक्षा पुऱ्याउनु पर्ने जनसंख्या ठूलो भएको र तिनीहरू बढी गरिब वर्गहरूमा केन्द्रित भएको हुदा साक्षरता कार्यक्रम, प्राथमिक शिक्षा, अनौपचारिक तथा प्राविधिक शिक्षालाई उच्च प्राथमिकता दिई योजनाको आर्थिक एवं सामाजिक विकास र गरिबी निवारणको लक्ष्य हासिल गर्नमा महत्वपूर्ण टेवा पुऱ्याउन सकिन्छ भने यस्ता कार्यक्रमहरूलाई पिछडिएका जनजाति एवं समूह विशेषमा लक्षित कार्यक्रमको रूपमा समेत अगाडि बढाइनु आवश्यक छ । यस परिप्रैक्ष्यमा यस क्षेत्रका प्रमुख रणनीतिहरू निम्नानुसार रहेका छन् ।

## उद्देश्य नं १ सम्बद्ध रणनीतिहरू

१. अनौपचारिक शिक्षाको कार्यक्रमहरू विस्तार गरी साक्षरता अभिबृद्धि गर्ने र अनौपचारिक शिक्षालाई जीवनोपयोगी बनाउने ।

## उद्देश्य नं २ सम्बद्ध रणनीतिहरू

२. विद्यालय शिक्षाको समग्र व्यवस्थापनमा स्थानीय तहदेखि नै जनसहभागितामा जोड दिइ विकेन्द्रीकरणको

अवधारणा अनुरूप सरकारले सहजीकरण, गुणस्तर प्रबर्द्धन, नियमित एवं आवश्यक सेवा, टेवा प्रदान गर्न सक्षम भूमिका खेल्ने ।

३. पूर्व प्राथमिक शिक्षामा जोड दिँदै सबैका लागि शिक्षाको राष्ट्रिय प्रतिबद्धता पूरा गर्न गुणस्तरीय प्राथमिक शिक्षाको विस्तार र विकासमा जोड दिने ।

## उद्देश्य नं ३ सम्बद्ध रणनीतिहरू

- सीपयुक्त जनशक्ति उत्पादनका लागि प्राविधिका शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरूलाई प्रभावकारी तुल्याइ अवसरमा बृद्धि गर्ने
- प्राथमिक तहबाट उत्तीर्ण भएका बढ्दो विद्यार्थी संख्याको लागि माध्यमिक शिक्षामा पहूच बढाउने र उच्च माध्यमिक स्तरलाई विद्यालय स्तरको पढाइको अन्तिम विन्दु बनाउने रूपले माध्यमिक शिक्षाको विकास गर्ने ।

## उद्देश्य नं ४ सम्बद्ध रणनीतिहरू

- उच्च शिक्षामा लागत आपूरणको सिद्धान्त अपनाई यसको अवसर, गुणस्तर र विविधीकरणमा जोड दिने

## उद्देश्य नं ५ सम्बद्ध रणनीतिहरू

- शिक्षाको सबैस्तरमा गुणस्तर बढाउने र शिक्षक तालिमको उपयुक्त व्यवस्था गर्ने ।

## उद्देश्य नं ६ सम्बद्ध रणनीतिहरू

- शिक्षामा महिला, दलित एवं पिछडिएका वर्गहरूको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरूको पहूच बढाउन थप कार्यक्रमहरू सञ्चालन गर्ने ।

- सबैका लागि शिक्षा पुऱ्याउन विशेष सिकाइ आवश्यकता भएका वर्ग (अपाङ्ग सहित)का लागि विशेष शिक्षाको अवधारणा अनुरूप शिक्षाका कार्यक्रमहरू समाहित गरी एकिकृत शिक्षा पद्धति (Inclusive and integrated education system) को विकास गर्ने ।

### उद्देश्य नं ७ सम्बद्ध रणनीतिहरू

- स्थानीयस्तरदेखि नै खेलकूद विकासका कार्यक्रममा जोड दिँदै युवाहरूलाई सामुदायिक विकास कार्यक्रममा परिचालन गर्ने ।

## नीति तथा कार्यनीतिहरू

### साक्षरता र अनौपचारिक शिक्षा (रणनीति १ सँग सम्बद्ध)

- लक्षित समुदाय विशेषगरी महिला, पिछडिएका जनजाति र दलित वर्गलाई प्रोत्साहित गर्दै प्रौढ साक्षरता र बालशिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरी साक्षरता प्रतिशतमा बृद्धि गर्ने र जीवनोपयोगी शिक्षा प्रदान गर्ने उद्देश्य अनुरूप सरकारी एवं गैरसरकारी संस्था तथा स्थानीय निकायको संलग्नतामा विकासका अन्य कार्यक्रमहरूसाग समन्वय गरी साक्षरता, साक्षरोत्तर र निरन्तर शिक्षाका कार्यक्रमहरू एकिकृत रूपमा सञ्चालन गर्ने ।

### शिक्षा र विकेन्द्रीकरण (रणनीति २ सँग सम्बद्ध)

- शिक्षाका सबै तह र कार्यक्रममा क्षेत्र, जाति, लिङ्ग एवं पिछडिएका समुदायको सामाजिक/आर्थिक स्थितिका आधारमा शिक्षाको पहूच पुऱ्याउने ।
- सस्थागत विद्यालयहरूद्धारा प्रदान गरिने छात्रबृत्तिलाई वास्तविक गरिब तथा जेहन्दार विद्यार्थीलाई फाइदा पुग्ने गरी व्यवस्थित तथा पारदर्शी बनाउन उपयुक्त पद्धतिको विकास गर्ने ।

- शिक्षा प्रणालीको विकेन्द्रीकरण गर्न स्थानीय निकायको भूमिका स्पष्ट पारी विद्यालय एवं स्थानीय समुदाय र अभिभावकलाई सशक्तिकरण गर्ने अवधारणा अनुसार विद्यालय सुधार योजना तथा जिल्ला शिक्षा योजना सम्बन्धी कार्यक्रमहरू लागू गर्ने । शिक्षकहरूको छनौट र भर्ना स्थानीयस्तरमा नै गर्ने ।

**पूर्व प्राथमिक र प्राथमिक शिक्षा विकास (रणनीति ३ सँग सम्बद्ध)**

- सन् २०१५ सम्ममा सबैका लागि शिक्षा भन्ने श्री ५ को सरकारको घोषित नीति तथा अन्तर्राष्ट्रिय रूपमा गरिएको प्रतिबद्धता अनुरूप प्राथमिक तहलाई अनिवार्य गर्ने कार्यक्रमलाई क्रमिक रूपमा कार्यान्वयन गर्दै लैजाने र तद्नुरूप संस्थागत, व्यवस्थापकीय एवं भौतिक आधारहरूमा सुधार गर्ने ।
- अभिभावकहरूको सचेतता कार्यक्रमसूग आबद्ध गरी स्थानीय निकायहरूको सहभागितामा बालविकास केन्द्रहरू स्थापना गर्ने र सामुदायिक विद्यालयहरूमा स्थानीय स्रोतबाट एक वर्षे पूर्वप्राथमिक कक्षा सञ्चालन गर्न प्रोत्साहित गर्ने ।
- विभिन्न जनजातिमा भाषिक समूहहरूको शिक्षामा संलग्नता बढाउन मातृभाषमा शिक्षा प्रदान गर्ने कार्यक्रमहरूलाई प्रोत्साहन गर्ने ।

**प्राविधिक तथा व्यवसायीक शिक्षा विकास (रणनीति ४ सँग सम्बद्ध)**

- स्थानीय निकाय तथा निजीक्षेत्रको समेत सहभागिता जुटाइ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमको अवसर बृद्धि गर्न विशेष कार्यक्रम (Annex program) लाई विस्तार गर्ने ।

**माध्यमिक शिक्षा विकास (रणनीति ५ सँग सम्बद्ध)**

- उच्च माध्यमिक तहलाई विद्यालय शिक्षाको अन्तिम विन्दुको रूपमा अङ्गीकार गरी सोही अनुरूपको संस्थागत व्यवस्था मिलाउने र विद्यालय शिक्षाको संरचनामा सुधार गर्ने ।
- त्रिभुवन विश्वविद्यालयबाट प्रविणता प्रमाणपत्र तह क्रमश : विस्थापन गर्दै उच्च माध्यमिक शिक्षामा समाहित गर्न उचित व्यवस्था मिलाउने ।

**शिक्षाको गुणस्तरमा विकास (रणनीति ६ सँग सम्बद्ध)**

- शिक्षामा गुणस्तरीयता कायम गर्न विद्यालय तहमा अनिवार्य शिक्षा तालिम र अध्यापन इजाजत प्रणाली लागू गर्ने र तालिममा पहुच पुऱ्याउन शिक्षाका सबै तहका तालिम कार्यक्रममा दूर शिक्षाको माध्यमलाई समेत उपयोग गर्ने र तालिम दिने सबै निकायलाई संलग्न गराउने ।
- शिक्षाका सबै तहमा गुणस्तरको परिभाषा किटान गरी सिकाइका वस्तुगत सूचकहरू समावेश भएको मापदण्डको आधारमा परीक्षा, अनुगमन एवं सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी तुल्याउने । यसो नभएसम्मका लागि शिक्षाको गुणस्तर तथा शिक्षकहरूको कार्यदक्षतालाई मापन गर्ने सूचाकाङ्कको रूपमा रहेको परीक्षा पद्धतिलाई अझ सुदृढ गर्दै परीक्षाका नतिजालाई शिक्षाका गुणस्तर र शिक्षकहरूको मूल्याङ्कन साधनका रूपमा उपयोग गरिने परिपाटीको विकास गर्ने ।
- शिक्षाका सबै तहमा कम्प्यूटर साक्षरता उपयोग गरी आधुनिक युग सुहाउदो शिक्षा विस्तारमा सहयोग पुऱ्याउने तथा विज्ञान तथा प्रविधिको राष्ट्रिय नीति अनुरूप विद्यालय तहमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी बिषयहरूको अध्यापन गर्ने ।

- निजी क्षेत्रलाई प्रोत्साहन गर्दै शिक्षामा प्रतिस्पर्धा बृद्धि गर्न शिक्षाका सबै तहलाई नियमितताको रूपरेखा भित्र राखी प्रभावकारी सम्वन्धन प्रणालीको विकास गर्ने ।
- विभिन्न तहका शैक्षिक संस्थाहरूलाई पुस्तकालयहरू खोल्न तथा संचालन गर्न प्रोत्साहित गर्ने ।
- सबै प्रकारका अपाङ्गको निम्ति प्राथमिकदेखि उच्च शिक्षासम्म विशेष शिक्षाका कार्यक्रमहरू समाहित गरी विस्तार गर्ने ।

## कार्यक्रम

- राष्ट्रिय अनौपचारिक शिक्षा केन्द्रिलाई नीति निर्माण गर्ने, प्राविधिक सेवा पुऱ्याउने र अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थाको रूपमा विकास गर्ने र निरक्षरता उन्मूलन कार्यक्रम कार्यान्वयनम गैरसरकारी संस्था एवं स्थानीय निकायहरूको भूमिका स्पष्ट पारी जिम्मेवारी प्रदान गर्ने ।
- विद्यालय नक्साङ्कनको आधारमा नया विद्यालय खोल्न अनुमति दिने ।
- नि:शुल्क प्राथमिक शिक्षालाई क्रमश: अनिवार्य गर्ने तर्फ पहल गर्ने र यसो गर्दा पिछडिएका वर्ग (दलित, जनजाति, महिला अपाङ्गहरू तथा आर्थिक दृष्टिकोणले पिछडिएका बालबालिका)लाई छात्रबृत्तिको व्यवस्था गर्ने ।
- प्राथमिक तहदेखि नै हरेक तहको पाठ्यक्रममा लैङ्गिक दृष्टिकोणको अवधारणा र जीवनोपयोगी सीप प्रदान गर्ने किसिमले पाठ्य सामग्रीको विकास गरी विद्यालयको सक्षमताका आधारमा कक्षा १ देखि नै अंग्रेजी बिषयको पठन पाठन गर्ने र निरन्तर मूल्याङ्कन प्रणालीलाई परीक्षण र अनुभवको आधारमा कक्षा ५ सम्म लागू गर्ने ।
- प्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा एउटा पर्ने गरी सामुदायिक उच्च

माध्यमिक विद्यालय स्थापना गर्ने र विज्ञान तथा व्यावसायिक बिषयको समेत पढाइ सञ्चालन गर्न प्रोत्साहित गर्ने ।

- हाल लिने गरिएको कक्षा ११ को जाँचलाई विद्यालय तहमा सञ्चलन गरी कक्षा १२ को अन्तिम परीक्षा राष्ट्रियस्तरमा कायम गर्ने ।
- परीक्षणको रूपमा सञ्चालन भइरहेका १५ वटा विशेष कार्यक्रम (Annex programme) लाई यसको प्रभावकारिता र सफलताको आधारमा हरेक जिल्लामा १/१ वटा पर्ने गरी विस्तार गर्ने ।
- महिला, पिछडिएका जनजाति, दलित र अपाङ्ग जस्ता लक्षित वर्गमा उच्च शिक्षाको पहुच पुर्‍याउन छात्रबृत्तिको व्यवस्था सुदृढ गर्ने ।
- गैरसरकारी तथा निजी क्षेत्रलाई उच्च शिक्षाका लागि शिक्षण संस्थाहरू खोल्न प्रोत्साहन गर्ने ।
- खुल्ला विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्ने ।
- उच्च शिक्षाको शैक्षिकस्तरलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन समग्र रूपमा शैक्षिक गुणस्तर अभिबृद्धिको कार्यक्रम बनाई लागू गर्ने ।
- Assessment and Accreditation Council स्थापना गरी शैक्षिक संस्थाहरूको मूल्याङ्कन, मान्यता र समकक्षता निर्धारण गर्न विश्वविद्यालय अनुदान आयोगलाई सक्षम बनाउने ।
- हालको कृषि र पशुविज्ञान अध्ययन संस्थानलाई मानित विश्वविद्यालयको अवधारणा अनुरूप विश्वविद्यालयमा परिणत गर्ने तथा मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल क्षेत्रमा पनि उच्च शिक्षाको पहूच बृद्धि गर्न क्षेत्रगत रूपमा विश्वविद्यालय स्थापना गर्न आवश्यक पूर्वाधार विकास गर्ने ।
- युवालाई अपराध र दुर्व्यसनबाट मुक्त राख्न विभिन्न निरोधात्मक र

उपचारात्मक कार्यक्रमहरू बनाइ सञ्चालन गर्न गैरसरकारी निकायलाई प्रोत्साहन गर्ने ।

- शिक्षा, स्वास्थ्य, खेलकूद लगायत विभिन्न सामाजिक सेवाका क्षेत्रमा युवा वर्गलाई स्वयंसेवीको रूपमा संलग्न गराउने ।
- व्यवस्थापकीय तथा प्रशिक्षक प्रशिक्षण प्रदान गर्न उच्च निकायको रूपमा हालको राष्ट्रिय खेलकूद परिषद्लाई विकास गर्ने र प्रतिस्पर्धाका स्तरहरू (स्थानीय तहदेखि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरसम्म) को वर्गीकरण गरी कार्यान्वयनको व्यवस्था गर्ने ।

## बालश्रम

### क) उद्देश्य

- नेपालमा हाल विभिन्न क्षेत्रमा रहेका निकृष्ट प्रकृतिका अधिकांश बालश्रमलाई उन्मूलन गर्ने ।

### ख) परिमाणात्मक लक्ष्यहरू

- ३५ जिल्लामा निम्न बमोजिम ९०,१०० जना निकृष्ट प्रकृतिको क्षेत्रको बालश्रम(Worst Forms of Child Labour) निवारण गर्ने गुरूयोजना (Master Plan) ल्याई लागू गर्ने ।

| | |
|---|---|
| बँधुवा बालमजदूर | १४,१५० |
| बाल भरिया | २८,४५० |
| खाते बालबालिका | २,९०० |
| घरेलु बालश्रम | ४०,८५० |
| खानीमा कार्यरत बालश्रम | ४०० |
| गलैंचा बालमजदूर | ३,३५० |
| जम्मा | ९०,१०० |

ङ) नीतिगत , कानूनी तथा संस्थागत सुधार एवं तिनीहरुको कार्यान्वयन व्यवस्था

- मुलुकमा बालश्रम निवारणका लागि गुरूयोजना तयार भइसकेको छ । बालश्रमसूग सम्बन्धित विभिन्न सरकारी निकाय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरु एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट सञ्चालन हुने बालश्रम निवारण सम्बन्धी कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट अगाडि बढाउन राष्ट्रिय निर्देशन समितिलाई अझ सुदृढ बनाइनेछ । कार्यान्वयन तहमा कार्यक्रमहरू समन्वय गर्न आवश्यक उपसमिति गठन गरिनेछ ।
- हाल कार्यान्वयनमा आउन बाूकी रहेको बालश्रम (निषेध तथा नियमित) गर्ने सम्बन्धी ऐनलाई कार्यान्वयनमा ल्याइनेछ र हाल अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १८२ लाई नेपालले अनुमोदन गरिसकेको सन्दर्भमा सो महासन्धिमा भएका कुराहरू अनुकूल हुने गरी बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी ऐनमा आवश्यक संशोधन गर्नुका साथै यस सम्बन्धी छुट्टै नियमावलीको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- बालश्रम सम्बन्धी अध्ययन, अनुसन्धान कार्यलाई विशेष जोड दिई सूचना प्रवाहलाई प्रभावकारी र संस्थागत बनाउनतर्फ विशेष जोड दिइनेछ । साथै जिल्ला बालकल्याण समितिहरुलाई केन्द्रीय बाल कल्याण वोर्ड मार्फत समयबद्ध बालश्रम उन्मूलन सम्बन्धी कार्यक्रम कार्यान्वयन सम्बन्धमा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्न लगाइनेछ ।

बालश्रम निवारण सम्बन्धी कार्यान्वयन तहमा समन्वय ल्याउन वालश्रमसूग सम्बन्धित विभिन्न सरकारी , गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई बालकल्याण समितिमा आवद्ध गराई सोही समिति मार्फत कार्यक्रमहरू संचालन गर्ने व्यवस्था गरिनेछ ।

## १६.

# बालबालिकाहरूका निम्ति १० वर्षे राष्ट्रिय कार्ययोजना नेपाल २००४/२००५-२०१४/२०१५

(बालबालिकाहरूका निम्ति राष्ट्रसंघीय विशेष अधिवेशन मे २००२ मा सम्पन्न भयो । यस अधिवेशनले सन् १९९० को दशकको बालबालिकाका क्षेत्रमा भएका उपलब्धी एवं कमजोरीको मूल्याङ्कन गर्दै “बालबालिकाका निम्ति सुहाउँदो विश्व” भन्ने उद्घोषका साथ विश्व घोषणापत्र जारी गऱ्यो । उक्त विश्व घोषणापत्रलाई निःशर्त अङ्गिकार गर्दै श्री ५ को सरकारले केन्द्रीय बालकल्याण समितिको सहयोगमा १० वर्षे राष्ट्रिय कार्ययोजना तयार पारेको छ । उक्त १० वर्षे राष्ट्रिय कार्ययोजन तयारीका लागि केन्द्रीय बालकल्याण समितिका तत्कालीन अध्यक्ष एवं सिविनका अध्यक्ष गौरी प्रधानको संयोजकत्वमा एक कार्यदल तयार गरिएको थियो । शिक्षा, स्वास्थ्य लगायतका चारवटा बिषयमा विस्तृत छलफल गरी तयार गरिएको उक्त कार्ययोजनाको तयारीका क्रममा विभिन्न सरोकारवालाहरू बाहेक बालबालिकाहरू स्वयंको पनि सक्रिय सहभागिता रहेको थियो । यहाँ बालबालिकाहरूको शिक्षा र बालश्रम सम्बन्धमा कार्ययोजनामा परेका कुराहरूलाई उल्लेख गरिएको छ ।)

**नीतिहरू**

शिक्षा,

१) गुणात्मक विद्यालय शिक्षाका निम्ति न्यूनतम मापदण्डको विकास गर्ने ।

२) शिक्षाको पहुँचबाट बाहिर रहेका बालबालिकालाई मूलधारको शिक्षामा ल्याउने ।

३) बालबालिकाहरू विशेषत: सुविधाविहीन तथा जोखिम परिस्थितिमा रहेकाहरूका निम्ति एकीकृत रूपमा शिशु स्याहार तथा शिक्षालाई फैलाउँदै लैजाने ।

४) बालबालिकाहरूको विद्यालय भर्ना संख्या उनीहरूमा आत्मविश्वास र विद्यालयबाट नछोड्ने प्रबृत्तिको अभिबृद्धि गराउने । (पूर्व प्राथमिक देखि कक्षा १२ सम्म)

५) विद्यालय शिक्षामा लैङ्गिक समता (Gender Equity)को प्रत्याभूत गर्ने ।

६) सार्थक, जीवनोपयोगी र सीप उन्मूख शिक्षाको प्रबर्द्धन र विस्तार गर्ने ।

७) विशेषत: विद्यालय छोडेका तथा विद्यालय जान नपाएका बालबालिकाहरूका निमित्त व्यवसायिक, प्राविधिक र वैकल्पिक शिक्षाको व्यवस्था गर्ने ।

८) विशेष सिकाइ आवश्यकता भएकाहरूका निमित्त समाविष्ट (Inclusive Education) शिक्षाको प्रत्याभूत गर्ने ।

९) बालसुलभ विद्यालयको प्रत्याभूत गर्ने ।

१०) बालअधिकारको दृष्टिकोणबाट शिक्षकहरू तथा पूर्व प्राथमिकका शिक्षकहरू (Educators) को व्यवसायिकता, स्वाभिमान र क्षमता विकासका लागि प्रयत्न गर्ने ।

११) विद्यालय शिक्षालाई सुदृढ गराउन सञ्चार तथा सूचना प्रविधिको विकास र विस्तार गर्ने ।

१२) बालअधिकारको दृष्टिकोणबाट विद्यालयका पाठ्यक्रम र पाठ्यपुस्तकहरू तथा शिक्षकहरूका निमित्त अहिंसात्मक शैक्षिक तरीका र शान्ति शिक्षाको प्रबर्द्धन गर्ने खालका तालिम सामग्री परिमार्जन तथा यथोचित व्यवस्था गर्ने

**बालश्रम शोषणविरूद्धको कार्यक्रम,**

१) निकृष्ट प्रकारको बालश्रमको उन्मूलन तुरून्तै गर्ने र अन्य प्रकारका बालश्रमलाई नियन्त्रण तथा न्यूनीकरण गर्ने ।

२) बालश्रम शोषणको बिषयलाई गरिबी निवारण तथा विकास प्रयास जस्ता मूलधारका बिषयबस्तुमा समाविष्ट गर्ने ।

३) श्रमिक बालबालिकाहरूको स्वास्थ्य तथा शिक्षा जस्ता आधारभूत अधिकारको ख्याल गर्दै उनीहरूलाई शोषण तथा हिंसाबाट संरक्षण गर्न निरोधात्मक तथा संरक्षणात्मक विधिहरू अपनाउने ।

## १७.
## बालश्रम सम्बन्धी राष्ट्रिय गुरूयोजना (२००४-२०१४)

(बालश्रम शोषणको उन्मूलनका निमित्त नेपालले थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू जाहेर गरेको छ । यस सन्दर्भमा श्री ५ को सरकारले बालश्रम सम्बन्धको १० वर्षे (२००४-२०१४) राष्ट्रिय गुरूयोजनानै तयार पारेको छ । सो गुरूयोजनाले नेपाललाई सामाजिक न्यायले पूर्ण, समाजका कमजोर वर्गमाथि शोषणरहित अवस्था र बालबालिकाहरूलाई कुनै पनि हानी नहुने र रमाइलो शिक्षण अवस्थामा पूर्णरूपमा संरक्षित रहने स्थिति र देशका युवाहरू रचनात्मकता र सिर्जनात्मकतामा रहेको स्थितिमा रहने स्थितिको लक्ष्य लिएको छ ।)

१९. **रणनीतिहरू,**

बालश्रम सम्बन्धी राष्ट्रिय गुरूयोजनाले बालश्रम शोषणको उन्मूलनका निमित्त लिएको रणनीतिहरू मुख्य रूपमा २ वटा रहेका छन् ।

१) बालश्रम शोषण निराकरणका कार्यक्रमहरूलाई गरिबी निवारण कार्यक्रमसँग एकीकृतरूपमा अगाडि बढाइने ।

२) आगामी ५ वर्षभित्र निकृष्ट प्रकारको बालश्रम उन्मूलन गर्ने र १० वर्ष भित्र सबै प्रकारका बालश्रमलाई उन्मूलन गर्ने ।

२०. **अन्य रणनीतिहरूमा,**

१) बालश्रम शोषणको निराकरणका एकीकृत रणनीतिहरू अपनाइने छ ।

२) सरकारी निकायहरू, गैरसरकारी निकायहरू, रोजगारदाता, श्रमिक संगठनहरू लगायत नागरिक समाज समेतको समन्वय र सहभागिताको नीति लिइनेछ ।

३) एउटै बिषयमा दोहोरो कार्य नहोस् भन्नाका लागि सबै क्षेत्रबाट भएका प्रयासहरूलाई समन्वय गरिने छ ।

४) बालबालिकाहरूलाई गुणस्तरीय प्राथमिक शिक्षातर्फ आकर्षित गर्न निशुल्क तथा अनिवार्य शिक्षा प्रदान गर्ने ।

५) परिवार नियोजन कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरी अनावश्यक जनसंख्या बृद्धि र शहरतर्फको बसाइँ सराइलाई निरूत्साहित गर्ने ।

६) बालश्रम शोषण निराकरणको कार्यक्रमलाई गरिबी निवारण तथा बालविकास कार्यक्रम जस्ता राष्ट्रिय कार्यक्रमहरूसाग एकीकृत गर्ने ।

७) निश्चित क्षेत्र र भौगोलिक आवश्यकता अनुसार प्राथमिकताको आधार र केन्द्रित कार्यक्रमहरूको विकास गर्ने ।

८) बालश्रम शोषणको निराकरणका निमित्त स्रोत परिचालनको हकमा आन्तरिक रूपमा स्थानीय, राष्ट्रिय र वाह्य रूपमा द्विपक्षीय र बहुपक्षीयरूपमा समेत परिचालन गर्ने ।

# १८.

# 'सबैका लागि शिक्षा'का निम्ति राष्ट्रिय कार्ययोजना

(डकार शिक्षा सम्बन्धी मञ्च (Dakar Forum for Education) को भावनालाई अङ्गिकार गर्दै सन् २०१५ भित्रमा सबैका लागि शिक्षा अभियानमा

नेपाल पनि सक्रिय रूपमा समाहित रहेको छ । सन् २०१५ सम्ममा पूरा गर्नुपर्ने गरी कार्यान्वयनका लागि डकार फ्रेमवर्क (Dakar Framework for Action) ले निर्धारण गरेका ६ वटा मुख्य इ.एफ.ए लक्ष्यहरू (Six major EFA Goals) को आधारमा नेपालले राष्ट्रिय कार्ययोजनाको निर्माण गरेको छ ।)

**लक्ष्यहरू**

राष्ट्रिय कार्ययोजनामा परेका सात मुख्य लक्ष्यहरू यस प्रकार रहेका छन् ।

१) विशेषत: सुविधाविहीन तथा जोखिम परिस्थितिका शिशु तथा बालबालिकाका निमित्त शिशु स्याहार तथा शिक्षाका कार्यक्रमलाई बढाउँदै लैजाने ।

२) सन् २०१५ सम्ममा सबै बालबालिकाहरू यिनमा पनि बालिकाहरू र कठिन परिस्थितिमा बाँचिरहेका जनजातिका बालबालिकाहरूलाई अनिवार्य, निशुल्क तथा स्तरीय शिक्षाको प्रत्याभूत गराउने ।

३) समताको आधारमा सबै किसोर तथा वयस्क व्यक्तिहरूले जीवनोपयोगी शीप मूलक कार्यक्रमहरूमा भाग लिन पाउने कुराको प्रत्याभूत गर्ने ।

४) सन् २०१५ सम्ममा वयस्कहरू विशेषत: महिलाहरूको साक्षरता ५० प्रतिशतले बृद्धि गर्ने ।

५) सन् २००५ सम्ममा प्राथमिक र माध्यमिक तहको शिक्षामा लैङ्गिक विभेद हटाउने तथा सन् २०१५ सम्ममा शिक्षामा लैङ्गिक समानता ल्याउने । यसमा विशेषत: बालिकाहरूको सार्थक आधारभूत शिक्षामा पूर्ण र समान पहुँच पुऱ्याउने ।

६) जनजाति तथा भाषागत हिसाबले अल्पमतमा रहेका समूहहरूले आफ्नो मातृभाषामा आधारभूत तथा प्राथमिक शिक्षा पाउनु पर्ने अधिकार सुरक्षित गर्ने ।

७) जीवनोपयोगी सीप प्रदान गर्ने उद्देश्यले गुणात्मक शिक्षाको पक्षलाई जोड दिने ।

## १९.

# शिक्षाका लागि विश्वव्यापी अभियान (GCE) नेपाल

(शिक्षाका लागि विश्वव्यापी अभियान (GCE) “सबैका लागि शिक्षा भन्ने नारा”लाई सार्थक बनाउने कार्यमा लागिपरेका संस्थाहरूको एउटा अन्तर्राष्ट्रिय गठबन्धन हो । यस अभियानमा १०० भन्दा बढी राष्ट्रहरूमा सक्रिय विकास, शिक्षा एवं अनुसन्धानमुखी संगठनहरू पर्दछन् । यसका अन्तर्राष्ट्रिय सदस्यहरूमा अक्सफाम, एक्शन एड, अन्तर्राष्ट्रिय शिक्षा, बाल बचाउ, प्लान, बालश्रमविरूद्ध विश्वयात्रा, वर्ल्ड भिजन तथा अन्य अग्रणी गैरसरकारी संस्थाहरू रहेका छन् ।

सन् १९९९ मा शुरू भएको यो अभियानले केवल सेवामूलक कार्यक्रमहरू मात्र नगरेर, नागरिक समाजका संस्थाहरूलाई स्वयं वकालत गर्न अग्रसर गराउने, उनीहरूलाई सक्रिय बनाउने तथा परिवेक्षण गर्न सक्षम बनाउने गर्दछ । GCE को प्रमुख उद्देश्य विश्वका हरेक बालबालिकालाई गुणस्तरीय शिक्षामा पहुँच हुने अवसरको सिर्जना गर्नु हो । शिक्षक संगठनहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, स्थानीय गैरसरकारी संस्थाहरू, तथा बालअधिकार सञ्जालहरूको एक संगठन भएको नाताले यस GCE ले सरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरूलाई जिम्मेवारपूर्ण ढङ्गले “सबैका लागि शिक्षा”का उद्देश्यहरूलाई पूर्ति गर्न अग्रसर गराउँछ जसको सन् १९९० मा थाइल्याण्डको जोमटिनमा घोषणा भई सन् २००० मा डकारमा पुन: सहमति जनाइएको थियो ।

GCE ले बालबालिका, महिला र समाजका सबै विपन्नवर्गलाई विशेष जोड दिँदै, शिक्षालाई एक आधारभूत मानवीय अधिकारको रूपमा प्रबर्द्धन गर्ने गर्दछ तथा सरकारहरू एवं अन्तर्राष्ट्रिय समुदायलाई सबैका लागि नि:शुल्क तथा अनिवार्य शिक्षाका लागि उनीहरूले गरेका वाचाहरू परिपूर्ति गर्न दबाब परिचालन गर्ने गर्दछ । नेपाल यस अभियानको सदस्यका रूपमा रहेको छ ।)

सन् २००३ अप्रिलमा सम्पन्न विश्वव्यापी कार्य सप्ताह (Global Action

Week) नेपालमा पनि कार्यान्वयन गर्न एउटा कार्य समिति स्थापित भइ GCE Nepal को सुरूवात भएको हो । शिक्षामा लैङ्गिक असमानता हटाउने उद्देश्यका साथ बालिका शिक्षालाई विशेष जोड दिइएको सन् २००३ को कार्य सप्ताह नेपालमा सफलतापूवर्क सम्पन्न भएको थियो जसमा करिब ५ हजार बालबालिकाहरू सहभागी थिए । त्यस कार्यक्रमलाई निरन्तरता दिन, सोही आयोजक समिति नै सन् २००४ को कार्य सप्ताहका लागि पनि सक्रिय भयो । यसपटक, उक्त कार्य समितिले सप्ताहव्यापी कार्यक्रमलाई थप प्रभावकारी बनाउन अन्य संघसंस्थाहरूलाई पनि समावेश गर्ने प्रयास गऱ्यो । फलस्वरूप, समितिमा करिब १५ वटा संस्थाहरू आबद्ध भएर सप्ताहलाई सफलतापूर्वक सम्पन्न गरियो । जसमा २२ हजार भन्दा बढी बालबालिकाको सहभागिता थियो । २००४ को कार्यसप्ताह पश्चात् उक्त कार्य समितिलाई राष्ट्रिय समितिको रूपमा विकास गर्ने निर्णय गरियो जसलाई GCE Nepal नामाकरण गरियो । GCE Nepal को मुख्य उद्देश्य विश्वभरिका अन्य GCE संगठनहरूसँग कार्य सप्ताहको आयोजना गर्नु हो, किनकी विश्वभरि एकै साथ मनाइनाले यस कार्यक्रमले सरकार पक्षलाई बढी दबाब दिन सक्दछ । GCE Nepal ले कार्य सप्ताहमा नै मुख्य ध्यान दिनुको कारण के हो भने, यो कार्यसप्ताह, देशको शैक्षिक पद्दति तथा प्रणालीको समस्याहरूको प्रभावकारी निकास खोज्ने एकदमै सही अवसर हो, किनकी ठीक यहि बेला शिक्षाले विश्वभरि सबै भन्दा बढी ध्यानाकर्षण गरिरहेको हुन्छ र यसैबेला सबै राष्ट्रहरूले यसलाई बढी महत्व दिइरहेको हुन्छ ।

## २०.

# आईएलओ-आईपेक (ILO/IPEC) कार्यक्रम

(आधुनिक समाजमा कलंकको रूपमा रहेको बालश्रमलाई क्रमिक रूपमा निवारण गर्नको लागि राष्ट्रिय क्षमता अभिबृद्धि गर्दै यसविरूद्ध विश्वव्यापी अभियान अगाडि बढाउन अन्तर्राष्ट्रिय श्रम संगठन (International Labour

Organization-ILO) को एउटा निश्चित समयभित्र लक्ष्य पूरा गर्ने उद्देश्य सहित अगाडि ल्याइएको कार्यक्रम (International Program on the Elimination of Child Labour-IPEC) (आइपेक)नै कार्यक्रम हो । आइपेक कार्यक्रमका लागि आइएलओले नमूनाको रुपमा छनौट गरेका विश्वका तीनवटा राष्ट्रहरूमा नेपाल लगायत अफ्रिकी देश तान्जानिया र ल्याटिन अमेरिकी देश एल साल्भाडोर रहेका छन् । निकृष्ट प्रकारका बालश्रममा संलग्न रहेका विशेष गरेर १२ वर्ष भन्दा कम उमेरका बालबालिका यस कार्यक्रमको लक्षित वर्ग हुन् ।)

## नेपालमा अन्तर्राष्ट्रिय बालश्रम निवारण कार्यक्रम (आइएलओ/आइपेक) र समयबद्ध कार्यक्रम

बालश्रम समस्या जटिल र व्यापक बन्दै गइरहेको र यसको समाधानका लागि उपलब्ध सीमित आन्तरिक साधन र श्रोतलाई मध्येनजर राखी १९९६ देखि नेपालमा अन्तर्राष्ट्रिय श्रम संगठनले अन्तर्राष्ट्रिय बालश्रम निवारण कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

सन् १९९६ मा आइएलओले नेपालमा गरेको बालश्रम सम्बन्धी सर्वेक्षण अनुसार ५ देखि १४ वर्ष उमेरका ४२ प्रतिशत बालबालिका (संख्यामा २६ लाख) विभिन्न श्रममा सम्लग्न रहेको पाइएको छ । नेपालमा बालबालिकाहरू विभिन्न आर्थिक गतिविधिहरू जस्तै कृषि, सिलाइ बुनाइ, औजार निर्माण, औद्योगिक क्षेत्र, इट्टाभट्टा, गिट्टी कुट्ने, गलैंचा कारखाना तथा तयारी पोशाकका कारखानाहरूमा सम्लग्न भएको पाइन्छ । त्यसैगरी ठूलो संख्यामा बालबालिकाहरू घरेलु नोकर, बालभरिया तथा प्लाष्टिक बटुल्ने कार्यहरूमा पनि सम्लग्न छन् । श्रमिक बालबालिकाको चरम श्रमशोषण हुनुको साथै बालबालिकाको यौनशोषण पनि अत्याधिक मात्रामा भएको पाइन्छ । कैयौं बालिकाहरू यौन पेशामा जबरजस्ती लगाइएका छन् भने वर्षेनी हजारौं बालबालिकाहरू यौन व्यवसाय, सर्कस लगायतका कार्यका लागि भारतमा बेचिन्छन् । श्री ५ को सरकार र आइएलओ

बीच सम्झौता भई सन् १९९५ देखि नेपालमा पनि १० वर्षे गुरूयोजना आइपेक कार्यक्रम सञ्चालन भइरहेको छ । बालश्रम शोषण निर्मूलनका चरणवद्ध कार्यक्रम अन्तर्गत आइएलओ/आइपेक कार्यक्रम लागू भइरहेका क्षेत्र र जिल्लाहरूमा बालबालिकाहरूलाई अनौपचारिक शिक्षा दिने र पछि औपचारिक शिक्षामा लैजाने लगायतका कार्यक्रमहरू लागू रहेका छन् । केही स्थानहरूमा आइएलओ र उद्यमी व्यवसायीको संगठन उद्योग वाणिज्यसंघसँग मिलेर पनि काम भइरहेको छ ।

## निकृष्ट प्रकारको बालश्रम

नेपालको सन्दर्भमा आइएलओले निम्नलिखित ७ वटा श्रमका क्षेत्रलाई निकृष्ट प्रकारको बालश्रमका रूपमा परिभाषित गरेको छ ।

१) घरेलु बालश्रमिक

२) ऊनी गलैंचामा कार्यरत कामदार

३) सडकमा आश्रित बालबालिका

४) बाल भरिया

५) खानीमा कार्यरत बालबालिका

६) बेचबिखनमा परेका बालबालिका

७) बँधुवा बाल मजदूर

# २१.

# मानवअधिकार आयोगलाई सरकारी कर्मचारीहरूले घरेलु बालश्रमिक राख्न नपाउने आचारसंहिता बनाउनेतर्फ आवश्यक पहल गरिदिन सिविनले गरेको ध्यानआकर्षण

मिति २०५८–२-१ मा सिविनले राट्रिय मानवअधिकार आयोगलाई सरकारी कर्मचारीहरुले घरेलु बालश्रमिक राख्न नपाउने आचारसंहिता बनाउनतर्फ आवश्यक पहल गरिदिन अनुरोध गर्दै पत्र पठाएको थियो । उक्त पत्रको प्रतिक्रिया

**नेपाल बालमजदूर सरोकार केन्द्र**
**Child Workers in Nepal Concerned Centre**

CWIN
For Children With children

मिति: २०५८।०२।०१
च.नं: NS/123/'01

सम्माननीय अध्यक्ष ज्यू,
राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर ।

विषय: सरकारी कर्मचारीहरुले घरेलु बालश्रमिक राख्न नपाउने आचार संहिता बनाउने तर्फ आवश्यक पहल गरिदिन ।

सम्माननीयज्यू,

बालश्रमशोषण आज हाम्रो समाजको दुखद यथार्थ बनेको छ । अदृश्य रुपमा घर घर भित्र रहेका घरेलु बालश्रमिकहरुमाथि हुने गरेका शोषण र दुर्व्यवहार प्राय: चारपर्खाल भित्र नै बन्द हुने गर्दछन् । तर केहि प्रकाशमा आएका घटनाहरुले यसको गम्भीर्यतालाई अझै प्रस्टयाएको छ । बालश्रमशोषणलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुमा पनि स्पष्ट बालअधिकार हननको रुपमा उल्लेख गरिएको छ । आज विश्व भरी नै घरेलु बालश्रमशोषणको विरुद्ध सशक्त आवाज उठीरहेको छ । आइ.एल.ओ.को महासन्धि नं १८२ ले घरेलु बालश्रमशोषणलाई अत्यन्त खराब अवस्थाको बालश्रमको रुपमा व्याख्या गर्दै यसको तत्काल अन्त्य हुनु पर्ने कुरामा जोड दिएको छ । उक्त महासन्धिलाई नेपालले पनि अनुमोदन गर्ने निर्णय गरीसकेको विदितै छ ।

अधिकांश घरेलु बालश्रमिकहरु, जसमध्ये पनि बालिकाहरु सदैव शारिरीक, मानसिक रुपमा पीडित हुनुका साथै यौनशोषणमा पर्ने जोखिममा हुन्छन् । तिनीहरु न्यूनतम मानवीय व्यवहारबाट समेत वञ्चित भएका हुन्छन् । घरेलु बालश्रमिकहरुमाथि हुने गरेको अमानवीय यातना, दुर्व्यवहार र शोषणले आधुनिक युगको दासतालाई दर्शाइ रहेको छ ।

सन् २००१ को मे महिनाभरी घरेलु बालश्रमशोषणको विरुद्ध विश्व अभियान संचालन भइरहेको छ । नेपालमा पनि यस विषयलाई प्राथमिकतामा ल्याउन र यस सम्बन्धमा व्यापक जनचेतना अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरु सचालन गरिदै छ । यसै क्रममा घरेलु बालश्रमशोषणको अन्त्य गर्ने तर्फ केही विशेष पहल लिन सकिएमा बालश्रमशोषणको अन्त्य गर्ने सम्बन्धमा राष्ट्रले जनाएको प्रतिवद्धतालाई कार्यान्वयन गर्न सघाउ पुग्ने छ ।

घरको चार घेरा भित्र बन्द भै चरम शोषणमा परेका घरेलु बालश्रमशोषणको अन्त्यका निम्ति विभिन्न चरणबद्ध कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ । आफ्नो स्वार्थका निम्ति १४ वर्ष मुनिका बालबालिकाहरुलाई काम लगाउने परिपाटी कै अन्त्य गर्ने तर्फ पहल गर्न सकिएमा राष्ट्रका भविष्य बालबालिकाको आधारभुत मानवाधिकारको संरक्षण गर्ने दिशातर्फ अघि बढ्न सकिने छ । अत: यसको शुरुवात कम्तीमा सरकारी सेवामा कार्यरत व्यक्तिहरुबाट नै गर्न सकिएमा उदाहरणीय हुनेछ । त्यसैले सरकारी कर्मचारीहरुले घरेलु बालश्रमिक राख्न नपाउने गरी आचार संहिता बनाउने तर्फ राष्ट्रिय मानव अधिकार आयोगले पहल लिनका लागि हामी हार्दिक अनुरोध गर्दछौं । छिमेकी देश भारतमा राष्ट्रिय मानवअधिकार आयोगले यस परिप्रेक्षमा गरेको निर्णयलाई उदाहरणीय कार्य मानिएको छ । यस किसिमको प्रयासको थालनी घरेलु बालश्रमशोषणको एक लहिने अभियानकै दौरानमा हुन सकेमा बालश्रमशोषण विरुद्धको अभियानमा अझ उत्साह थपिने छ । यसै किसिमको आचार संहिता गैरसरकारी संघसंस्थाहरुमा पनि लागू गर्ने अभियानलाई पनि अगाडि बढाइने छ ।

अत: घरेलु बालश्रमशोषणको अन्त्यका निम्ति सम्मानीत आयोगले उक्त आचार संहिता बनाउने आवश्यक पहल लिन हार्दिक अनुरोध गर्दछौं ।

(हस्ताक्षर)
गौरी प्रधान
अध्यक्ष, सिविन-नेपाल

स्वरुप मानवअधिकार आयोगले उक्त बिषयमा श्री ५ को सरकारको ध्यानआकर्षण गराएको थियो ।

## २२.
## मानवअधिकार आयोगको सिफारिसमा बालश्रमिक नराख्ने बारेको श्री ५ को सरकारको परिपत्र

घरेलु बालश्रमिकका रूपमा थुप्रै बालबालिकाहरू श्री ५ को सरकारका उच्च पदस्थ कर्मचारीहरूकै घरमा श्रमशोषणमा परेका घटनाहरू सार्वजनिक हुन थालेपछि सो सम्बन्धमा सिविन-नेपालले  राष्ट्रिय मानव अधिकार आयोगको ध्यान यसको लगतै राष्ट्रिय मानवअकिार आयोगले श्री५ को सरकारका कर्मचारीले बालश्रमिक नराख्न सिफारिस गरेको थियो । सोही सिफारिसलाई कार्यान्वयन गर्ने क्रममा श्री ५ को सरकारले आफ्ना सबै निकायमा कार्यरत कर्मचारीलाई बालश्रमको प्रयोग नगर्न निर्देशन दिएको थियो ।

मिति २०६१/६/१८ गते श्री ५ को सरकार सामान्य प्रशासन मन्त्रालय आन्तरिक व्यवस्था शाखाबाट “बालबालिकाहरूको अधिकार हनन् हुने गरी काममा लगाउन नपाउने सम्बन्धमा” भन्ने बिषयको श्री ५ को सरकारको सबै निकायमा जारी गरिएको परिपत्रको पूर्ण विवरण यसप्रकार छ ।

“उपर्युक्त बिषयमा श्री ५ को सरकारको निकायमा काम गर्ने कर्मचारीहरू १४ वर्ष नपुगेका कलिला बालबालिकाहरूलाई श्रममा लगाएको भन्ने जानकारी आइरहेको सन्दर्भमा श्री ५ को सरकार अन्तर्गतका जङ्गी, निजामति, प्रहरी लगायतका अन्य निकायहरू र श्री ५ को सरकारको स्वामित्व भएका संस्थान लगायत सरकारी रकमबाट तलब खाने अन्य कर्मचारी तथा पदाधिकरीले समेत बालबालिकाहरूको अधिकार हनन् हुने गरी कुनैपनि काम नगर्न र त्यस्ता बालबालिकाहरूको अधिकारको संरक्षण गर्नका लागि अबिलम्ब निर्देशन जारी गर्नका साथै त्यस्तो अधिकारको हनन् गर्नेलाई कानुन बमोजिम विभागीय कारबाही

श्री ५ को सरकार

# सामान्य प्रशासन मन्त्रालय

( आन्तरिक व्यवस्था शाखा)

फोन : ५२१८११, ५२१०६५, ५२१५५७, ५२१२७७
फ्याक्स : +977 -1 523358
इमेल : moga@wlink.com.np
हरिहर भवन, पुल्चोक ।

पत्र संख्या:- ०६१।६२-
चलानी नं.:-

मिति:- २०६१।६।१८

विषय:- वालबालिकाहरुको अधिकार हनन हुने गरी काममा लगाउन नपाउने सम्बन्धमा ।

श्री ........................ मन्त्रालय,

"उपर्युक्त विषयमा श्री ५ को सरकारको निकायमा काम गर्ने कर्मचारीहरुले १४ वर्ष नपुगेका कलिला वालवालिकाहरुलाई श्रममा लगाएको भन्ने जानकारी आइरहेको सन्दर्भमा श्री ५ को सरकार अन्तर्गतका जंगी, निजामती, प्रहरी लगायतका अन्य निकायहरु र श्री ५ को सरकारको स्वामित्व भएका संस्थान लगायत सरकारी रकमबाट तलब खाने अन्य कर्मचारी तथा पदाधिकारीले समेत वालवालिकाको अधिकार हनन हुने गरी कुनै पनि काम नगर्ने र त्यस्तो अधिकारको संरक्षण गर्नका लागि अविलम्ब निर्देशन जारी गर्नका साथै त्यस्तो अधिकारको हनन गर्नेलाई कानून बमोजिम विभागीय कारवाही समेत गर्ने र त्यस्तो व्यवस्थाको जनस्तरसम्म पुग्ने गरी प्रचार प्रसार गर्न श्री ५ को सरकारलाई सिफारिश गर्ने निर्णय भएको र सो निर्णयानुसार गर्नका लागि " प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मानव अधिकार प्रवर्द्धन केन्द्र सिंहदरवारको प.सं. ०६१।६२ च.नं. ५९ को पत्र मार्फत अनुरोध भै आएको हुंदा सो अनुसार हुन आदेशानुसार अनुरोध गरिन्छ ।

समेत गर्ने र त्यस्तो व्यवस्थाको जनस्तरसम्म पुग्ने गरी प्रचारप्रसार गर्न श्री ५ को सरकारलाई सिफारिस गर्ने निर्णय भएको र सो निर्णयानुसार गर्नका लागि" प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानव अधिकार प्रबर्द्धन केन्द्र सिंहदरवारको प.सं. ०६१।६२ चनं. ५९ को पत्र मार्फत अनुरोध भइ आएको हुँदा सो अनुसार हुन आदेशानुसार अनुरोध गरिन्छ ।

२३.

# श्री ५ को सरकारले बालश्रम (निषध र नियमित गर्ने) ऐन २०५६ लागू गरे लगत्तै श्रम तथा यातायात मन्त्रालयद्वारा बालश्रमको प्रयोगको विरुद्ध जारी गरिएको सार्वजनिक सूचना

## बालश्रमको प्रयोग विरुद्ध

श्री ५ को सरकार

श्रम तथा यातायात व्यवस्था मन्त्रालयको

## सूचना

१. श्री ५ को सरकारले बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ जारी मिति २०६१/०८/०१ देखि लागू गरेको छ ।

२. १४ वर्ष मुनिका बालबालिकालाई जुनसुकै काममा लाउन निषेध गरिएको छ । त्यसैगरी १६ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन पाइदैन ।

३. जोखिमपूर्ण कार्य वा व्यवसाय सञ्चालन गरिरहेका उद्योग प्रतिष्ठानहरुले २०६१ मंसिर ३० सम्ममा र ऐन लागू भएको मिति पछि जोखिमपूर्ण कार्य वा व्यवसाय सञ्चालन गर्ने उद्योग प्रतिष्ठानहरुले कार्य सञ्चालन गरेको मितिले १५ दिनभित्र श्रम कार्यालयमा सूचना दिनु पर्नेछ ।

४. संगठित उद्योग प्रतिष्ठानहरुले श्रम कार्यालयको स्वीकृति लिएर मात्र बालबालिकालाई काममा लगाउन सक्ने व्यवस्था छ । श्रम कार्यालयले निश्चित मापदण्डको आधारमा संरक्षकत्व समेत तोकी यस्तो स्वीकृति दिन सक्छ ।

५. प्रतिष्ठानहरुले बालबालिकालाई दिनमा ६ घण्टा र हप्तामा ३६ घण्टा मात्र काममा लगाउन सक्नेछ । यो अवधिभन्दा बढी अवधिको लागि अतिरिक्त पारिश्रमिक दिएर पनि काममा लगाउन पाइने छैन । साथै बेलुका ६ बजेपछि र बिहान ६ बजेसम्मको अवधिभर काममा लगाउन निषेध गरिएको छ । उक्त समय र सीमालाई प्रत्येक प्रतिष्ठानले पालना गर्नु पर्नेछ ।

६. बालश्रमको प्रयोगलाई निरुत्साहना गरौं । प्रतिष्ठान, होटल, रेष्टुरां, ईटाभट्टा, सवारी साधन, निजी घर कम्पाउण्ड आदिमा जहीं पनि १४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउनु कानूनको उलंघन हो । त्यस्तै १६ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लाउनु अपराध हो । कानून उलंघनका यस्ता घटना थाहा पाउनु भएमा श्रम कार्यालयमा जानकारी गराउनु होला । श्रम कार्यालयलाई यस्तो कसूरमा सजाय गर्ने अधिकार छ ।

७. समाजका सबै वर्ग, गैर सरकारी संघ संस्था, नागरिक समाज र सर्वसाधारण सबैको सरसहयोगले मात्र बालश्रम निवारण सम्भव छ । बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को सफल कार्यान्वयनमा सबै प्रतिवद्ध होऔं ।

## २४.

## श्रमिक बालबालिकाहरूको राष्ट्रिय भेला ७ र ८ मंसिर २०६१ काठमाडौं ।

सिविन-नेपाल, कन्सर्न-नेपाल, उप्का-नेपाल, नेपाल राष्ट्रिय ट्रेड युनियन महासंघ र बाल बचाउ नर्वेको सक्रियतामा श्रमिक बालबालिकाहरूको राष्ट्रिय भेला २०६१ साल मंसिर ७ र ८ काठमाडौंमा सम्पन्न भयो । उक्त भेलाले श्रमिक बालबालिकाहरूको राष्ट्रिय मञ्च निर्माण गर्नुका साथै १० बुँदा घोषणा पत्र समेत जारी गर्दै तत्कालीन माननीय श्रम तथा यातायात व्यवस्था मन्त्री रघुजी पन्त मार्फत श्री ५ को सरकारको ध्यान आकृष्ट गरेको थियो ।

उक्त १० बुँदा घोषणा पत्रमा बालबालिकाहरू श्रमिकको रूपमा संलग्न भएर काम गरिरहेका ८० भन्दा बढी अनौपचारिक श्रमका क्षेत्रहरू औंल्याउँदै ६ वर्ष र सो भन्दा माथिका बालबालिकाहरूले श्रमिकका रूपमा रोजगार पाइरहेको उल्लेख गरिएको छ ।

बालश्रम शोषण हुनुको मुख्य कारण आर्थिक विपन्नता मात्र नभई अन्य परिवेश समेत जिम्मेवार रहेको ठहर गर्दै उक्त कार्यक्रममा सबैलाई अवसरको माग गरिएको थियो । बालबालिकाहरूको सहभागिताको अधिकारलाई विशेष रूपमा उठाइएको थियो ।

## २५.

## बालश्रमिकहरूको राष्ट्रिय भेला १ फेब्रुअरी २००४

मे १०-१३, २००४ मा इटालीको फ्लोरेन्समा आयोजित बालश्रमिकहरूको विश्वभेलामा नेपाली श्रमिक बालबालिकाहरूको छनौट प्रक्रियाका क्रममा बालश्रमका विभिन्न क्षेत्रबाट आएका १०० जना बालबालिकाहरूको सहभागिता रहेको राष्ट्रिय भेला फेब्रुअरी १, २००४ का दिन सम्पन्न भएको

थियो । सो राष्ट्रिय भेलाले जारी गरेको काठमाडौं घोषणा पत्रमार्फत श्रमिक बालबालिकाहरूले निम्न मागहरू अघि सारेका थिए ।

- सबै बालबालिकाहरूले सार्थक, व्यवहारिक शिक्षा नि:शुल्क रूपमा पाउनु पर्दछ ।
- कामकाजी बालबालिकाहरूका निमित्त शिक्षा पाउने व्यवस्था मिलाउनु पर्दछ ।
- कामकाजी बालबालिकाहरूले पनि सीप शिक्षा र तालिम पाउनु पर्दछ ।
- बालबालिकाहरू आफैं नै आफ्नो अवस्थाकाबारेमा जानकार हुन्छन् भन्ने तथ्य सबैले बुझ्न जरूरी छ ।
- निकृष्ट प्रकारको बालश्रम निर्मूलनका लागि सबै तह र कार्यक्रमहरूमा बाल सहभागितालाई प्रोत्साहन गरिनु पर्दछ ।
- बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारका सन्दर्भमा नीति नियमहरूलाई अझ दरिलो पारिनु पर्दछ र दलालहरूलाई कडा कारबाही गरिनु पर्दछ ।
- बालश्रम शोषणको अन्त्यका लागि दरिलो अनुगमन प्रणालीको विकास गरिनु पर्दछ ।
- निकृष्ट प्रकारको बालश्रमका सन्दर्भमा सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई व्यवहारमा ल्याइनु पर्दछ ।

## २६.

## बालश्रम शोषणको निराकरणका लागि सिविनको अवधारणा

बालअधिकारका दृष्टिकोणले बालश्रमका बारेमा चर्चा चल्ने वित्तिकै अब बालबालिकाहरूले कुनै पनि काम गर्नुहुँदैन कि भन्ने प्रश्न स्वभाविक रूपमा उठ्ने

गर्दछ । तर बालबालिकाले कुनै पनि काम गर्नु हुँदैन भन्ने पक्कै पनि होइन । त्यसमाथि मानवश्रमको यतिधेरै महत्व रहेको र जहाँ श्रम त्यहाँ बालश्रम विद्यमान रहेको हाम्रो समाजमा तत्कालै सबै प्रकारको बालश्रमलाई रोक्न सक्ने अवस्था पनि छैन । हाम्रो सामाजिक आर्थिक अवस्थालाई हेर्दा पनि सबै प्रकारका बालश्रम रोकिन धेरै जटिल छ । बालश्रमको जटिलताको यस अवस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले जे भनेको भएता पनि हाम्रो सन्दर्भमा बालबालिकाहरूले कस्ता काम गर्नु हुन्छ र कस्ता गर्नुहुँदैन भनेर बालश्रमलाई वर्गीकरण गर्नु र छलफल गर्नु जरूरी छ ।

विद्यमान बालश्रमलाई श्रमको प्रकृति हेरेर सामाजिकीकरणको प्रक्रियामा रहेको बालश्रम, सुधारोन्मूख बालश्रम र प्रतिबन्धात्मक बालश्रम गरी तीन वर्गमा विभाजित गर्न सकिन्छ ।

### क) सामाजिकीकरणको प्रक्रियामा रहेको बालश्रमः

अभिभावकको संरक्षणमा शिक्षामा रमाउँदै माया, ममता र स्नेहबीच बालबालिकाले गर्ने र गरिआएका कामलाई सामाजिकीकरणको प्रक्रियामा रहेको बालश्रम भनिन्छ । बाबुआमालाई सघाउ पुग्ने प्रकृतिका कामहरू यस अन्तर्गत पर्दछन् । यस्ता कामहरूले बालबालिकाहरूको सामाजिकीकरणमा सघाउदछ त्यसैले यस प्रकारको बालश्रमलाई हामीले प्रोत्साहन गर्नुपर्दछ ।

### ख) सुधारात्मक बालश्रम :

बालबालिकाहरूको शारीरिक र मानसिक विकासमा आघात नपर्नेगरी बालबालिकालाई गराइने कामलाई यसप्रकारको श्रमक्षेत्रमा राख्न सकिन्छ । यसरी काम गरिरहेका बालबालिकाहरूको आधारभूत बालअधिकार जस्तै खान, लगाउन, बस्न, शिक्षा, उचित ज्याला र राम्रो व्यवहार भने उनीहरूलाई भएकै हुनुपर्दछ ।

यति हुँदाहुँदै पनि यसक्षेत्रमा कार्यरत बालबालिकाहरूको स्थितिमा सुधारका लागि हामीले निरन्तर प्रयास गरिरहनु पर्दछ ।

### ग) प्रतिबन्धात्मक बालश्रमः

बालबालिकाहरूको शारीरिक र मानसिक विकासमा हानी पुऱ्याउने अत्यन्त जोखिम अवस्थाको बालश्रमलाई प्रतिबन्धात्मक बालश्रमका रूपमा बुझ्न सकिन्छ । अत्यन्त चिसो वा तातो अवस्थामा गर्नुपर्ने काम, जमिनमुनि गर्ने काम, बधशालामा गर्ने काम, यौनकार्यहरू, हतियार र ठूला औजारसँग गर्ने कामहरू नितान्त जोखिमपूर्ण कामहरू हुन् । यसप्रकारका कामका क्षेत्रहरूमा बालश्रमलाई तत्कालै प्रतिबन्ध लगाउनु पर्दछ र श्रमिक बालबालिकाहरूको उद्धार तथा पुनर्स्थापना गर्नु पर्दछ ।

## सन्दर्भ सामग्रीहरूः


१. संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि-१९८९

२. न्यूनतम उमेर सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि न- १३८

३. निकृष्ट प्रकारको बालश्रम निर्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.-१८२

४. संयुक्त राष्ट्रसंघ साधारण सभाको बालबालिकाका लागि विशेष बैठकबाट पारित दस्तावेजको नेपाली रूपान्तरण, प्रकाशन-कन्सोर्टियम

५. बालश्रमविरूद्धको विश्व भेला फ्लोरेन्स, इटाली, घोषणापत्र-२००४

६. बालश्रमविरूद्धको विश्वयात्रा परिचय पुस्तिका र अन्य प्रकाशनहरू

७. नेपाल अधिराज्यको संविधान-२०४७

८. बालबालिका सम्बन्धी ऐन-२०४८

९. बालश्रम (निषेध र नियमित गर्ने) ऐन-२०५६

१०. श्रम ऐन-२०४८

११. दशौं पञ्चवर्षीय राष्ट्रिय योजना (२०५९-२०६४)

१२. बालबालिकाहरूका निम्ति राष्ट्रिय कार्ययोजना नेपाल
२००४/२००५-२०१४/२०१५ प्रकाशन केबाकस

१३. बालश्रम सम्बन्धी राष्ट्रिय गुरूयोजना (२००४-२०१४)

१४. श्रमिक बालबालिकाहरूको राष्ट्रिय भेला काठमाडौं घोषणापत्र-२०६१,मंसिर

१५. बालश्रमिकहरूको राष्ट्रिय भेला १ फेब्रुअरी २००४ घोषणापत्र

१६. सिविनका प्रकाशनहरू

१७. बालश्रम एक समस्या र हाम्रो प्रतिबद्धता-श्री ५ को सरकार श्रम तथा यातायात व्यवस्था मन्त्रालय श्रम सम्बन्ध तथा बालश्रम निवारण शाखाबाट प्रकाशित-२०६१

१८. ओसारपसार (एटविनको अर्धवार्षिक प्रकाशन, संख्या ३, असोज-२०५९